# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा शिक्षाको विकास पहिल्याउँदै जाँदा घरको दलान, गुलाबी पाटी, रूखको फेद, चौतारा, फलैँचा आदिमा गुरुहरूले बालबालिका जम्मा गरेर सिकाउन सुरु गरेको पाइन्छ। यही परिपाटी विकसित हुँदै गुरुकुल आश्रम, गुम्बा, मदरसा र पाठशाला हुँदै अगाडि बढेको इतिहास भेटिन्छ। प्रजातन्त्रको बहाली वि.सं. २००७ फाल्गुण ७ पछि भने सरकारले शैक्षिक विकासका लागि विभिन्न आयोगहरू गठन गर्दै समयानुकुल शैक्षिक सुधार गर्दै आएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पछि भने देशमा योजनागत रूपमा शैक्षिक विकास भएको मानिन्छ। यसै क्रममा शिक्षा ऐन २०२८ निर्माण र लागु गरियो जो समय समयमा संशोधन हुँदै हाल कार्यान्वयनमा छ। यही ऐन अनुसार नेपालमा हाल संस्थागत र सामुदायिक गरी दुई प्रकारका विद्यालयहरू कार्यान्वयनमा छन्। उक्त ऐनको दफा २ को उपदफा (घ २) मा सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ भनि उल्लेख भए अनुसार यहाँ सामुदायिक विद्यालयका सन्दर्भमा केन्द्रित रहेर आर्थिक लगानीले शैक्षिक गुणस्तरमा पारेको प्रभाव विश्लेषण गरिएको छ।

कुनै पनि देशको विकासमा मानव संशाधनको महत्वपूर्ण भूमिका रहन्छ, जसको उत्पादन एउटा राम्रो शिक्षा प्रणालीले मात्र गर्न सक्छ। यदि देशको विकास गर्ने हो भने राष्ट्रले शिक्षामा पूर्ण लगानी गर्नुपर्दछ। अन्य विकसित क्षेत्रमा भन्दा शैक्षिक विकासका क्षेत्रमा गरिने लगानीले राष्ट्रको विकासमा बढी योगदान प्रदान गर्ने भएकाले युग सुहाउँदो सीप र दक्षता विकास हुन गई व्यक्तिलाई विश्व परिवेश अनुसार मिल्न सक्ने सबल, सक्षम र सीपयुक्त बनाउँछ। यसबाट प्राप्त प्रतिफल भविष्यका लागि राम्रो हुन्छ। यसैको फलस्पवरूप नेपालमा थुप्रै सामुदायिक विद्यालयहरू सञ्चालन हुँदै आएका छन्। नेपालको सन्दर्भमा सामुदायिक विद्यालयमा गरिएको आर्थिक लगानीको प्रभाव सकारात्मक र नकारात्मक दुवै पाइन्छ।

राष्ट्रले आफ्नो स्रोत साधनको पर्याप्तता शैक्षिक योजना आदिका आधारमा बजेट विनियोजन गरी शैक्षिक कार्यक्रमहरू अघि बढाउँछ। जुन लगानीले मानव संशाधनको दीर्घकालीन विकास गर्न सघाउ पुऱ्याउँछ। राष्ट्रका सबै क्षेत्रमा समानुपातिक विकास गर्ने हो भने मानवीय स्रोत साधनको अधिकतम प्रयोग र परिचालन हुनुपर्दछ तब मात्र समान विकासको गति अघि बढ्दै जान्छ। तसर्थ सरकारले देशको हावापानी र माटो सुहाउँदो युग अनुकुल शिक्षामा लगानी गर्नुपर्दछ। शिक्षा चेतना अभिवृद्धिको माध्यम पनि भएकाले नागरिकलाई चेतनशील बनाउन सरकारले शिक्षामा बजेटको ठूलै हिस्सा विनियोजन गर्नुपर्ने हुन्छ, जुन कुरा राष्ट्रको आर्थिक स्थितिमा निर्भर रहन्छ।

नेपाल सरकारले शिक्षामा लगानी गरेको इतिहास केलाउने हो भने वि.सं. २०३२ सालदेखि प्राथामिक तहलाई निःशुल्क गरेको पाइन्छ। यसलाई तहगत रूपमा बढाउँदै वि.सं. २०५० सालदेखि नि.मा र मा.वि तहलाई क्रमशः निःशुल्क गरी शिक्षकहरूको तलबभत्ता प्रशासनिक खर्च लगायत शतप्रतिशत व्यहोर्दै आएको देखिन्छ। २००७ सालदेखि पछि २०२८ साल अघिसम्मको अवस्थामा नेपालको शैक्षिक लगानीमा अभिभावकहरूको लगानी विद्यालयको भौतिक व्यवस्थापन, विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क आदि गरी ६० प्रतिशतसम्म भएको पाइन्छ। जब राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सालदेखि लागु भयो त्यसपछि विद्यालय दुर्गम जिल्ला बाहेक अन्य जिल्लाहरूको हकमा नि.मा. र मा.वि शिक्षा तलब भत्ता वापत क्रमशः ७५ प्रतिशत र ५० प्रतिशत अनुदान दिने र व्यवसायिक मा.वि हरूलाई भने शिक्षक तलब भत्ताका लागि ७५ प्रतिशत नै रकम दिने व्यवस्था गरेको पाइन्छ। तर २०३८ सालदेखि व्यवसायिक माध्यमिक विद्यालय नरहने व्यवस्था भएपछि सबैखाले माध्यमिक विद्यालयहरूलाई ५० प्रतिशत नै तलब भत्ता अनुदान दिने व्यवस्था गरिएको देखिन्छ। पञ्चायत कालमा कर्मचारीहरूको तलब भत्ता वृद्धि हुँदा सो अनुपातमा शिक्षकहरूको तलब वृद्धि भएन र शिक्षकहरू आन्दोलित हुन पुगे जसको परिणामस्वरूप सरकारले शतप्रतिशत नै रकम दिने निर्णय गऱ्यो। २०४९ सालसम्म मा.तहले ६० प्रतिशत तलब भत्ता अनुदान पाउँदै आएको थियो (नेशनल एजुकेशन कमिशन, १९९२)। यसरी प्राचिन शिक्षामा सरकारले न्यून लगानी गर्दै आए पनि हाल विभिन्न शिर्षकमा शिक्षामा लगानी बढ्दै गएको पाइन्छ। हालैको ५ वर्षको बजेटलाई हेर्ने हो भने कुल राष्ट्रिय बजेटको १२ देखि १७% सम्म लगानी गर्दै आएको पाइन्छ।

वर्तमान शैक्षिक क्षेत्रमा गरिएको लगानी भविष्यको राष्ट्रिय आम्दानीको स्रोत हो। हाम्रोजस्तो सीमित स्रोत साधन भएको गरिब मुलुकले शिक्षामा अपेक्षा गरे अनुसारको सरकारी लगानी वृद्धि गर्न सम्भव देखिँदैन न त अभिभावकहरू नै लगानी गर्न सक्ने अवस्थामा छन्। अझै पनि गरिबीका कारण धेरै बालबालिकाहरू शिक्षाबाट बञ्चित रहेका छन्। धेरैजसो विद्यालय उमेरका बालबालिकाहरू आर्थिक अभाव र विपन्नताका कारण निःशुल्क शिक्षाको व्यवस्था हुँदाहुँदै पनि दैनिक गुजाराका लागि मजदुरी गर्नुपर्ने भएकाले विद्यालय जान पाइरहेका छैनन्। नेपालको शिक्षाले लामो समयको फड्को मारिसक्दा पनि शिक्षामा विद्यार्थीको सहभागिता सन्तोषजनक रहेको पाइँदैन। अर्कोतर्फ विश्वको शिक्षाको स्तर र विकासका तुलनामा नेपालको सामुदायिक विद्यालय तहको शिक्षा जति विकसित हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन। भौतिक सुधार भए पनि शैक्षिक गुणस्तर पछि नै रहेको तथ्य स्पष्ट हुन्छ। यसै सन्दर्भमा सामुदायिक विद्यालयमा आर्थिक लगानीको प्रभाव अन्तर्गत झापा जिल्लाका ३ वटा माध्यमिक तहका विद्यालयलाई नमुनाका रूपमा लिई आर्थिक लगानी र त्यसबाट शैक्षिक गुणस्तरमा परेको प्रभावलाई यहाँ उल्लेख गरिएको छ।

## १.२ समस्याको कथन

नेपालको सामुदायिक माध्यमिक विद्यालयमा भएको शैक्षिक लगानीलाई तुलनात्मक रूपमा हेर्दा हुनुपर्ने जति शैक्षिक विकास भएको पाइँदैन। वर्तमान नेपालको सामुदायिक विद्यालयको शिक्षामा धेरै समस्याहरू देखिएका छन्, जस्तैः सामुदायिक विद्यालयप्रति जनस्तरको चासो कम हुनु, विद्यालय उमेरका बालबालिकाहरूको भर्ना दर कम हुनु, कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने दर बढी हुनु, विद्यार्थीको दक्षता माथिल्ला कक्षामा घट्दै जानु, प्राविधिक तथा व्यवसायिक शिक्षाको अभावको कारणले गर्दा युवा बेरोजगारको सङ्ख्या बढ्दै जानु, जसले गर्दा उत्पादन क्षेत्रमा लाग्ने युवा तथा युवतीहरू विदेश पलायत हुने अवस्था दिनानुदिन बढ्दो गतिमा देखिनु, प्रत्येक वर्षको एस.एल.सी. तथा एस.इ.इ. परीक्षाको नतिजालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूको नतिजा न्युन हुँदै गइरहेको छ।

सरकारले गरेको लगानी सामुदायिक विद्यालयको शैक्षिक विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन नसक्ने अवस्था रहेको देखिन्छ। यी र यस्ता समस्याको मूल जरो पत्ता लगाई सामुदायिक विद्यालयमा आर्थिक लगानीको प्रभाव न्युन हुनुका कारणहरू

पत्ता लगाउन र आर्थिक लगानीलाई प्रभावकारी र उपलब्धिमूलक बनाउने उपायको खोजी गर्न यो विषयलाई छनौट गरिने छ । सरकारले प्रत्येक वर्षको राष्ट्रिय बजेटमा कुल बजेटको १५%को हाराहारीमा शिक्षा क्षेत्रमा लगानी गरेको पाइन्छ ।

शैक्षिक उन्नयनका लागि अभिभावकबाट पनि प्रत्यक्ष तथा तथा अप्रत्यक्ष रूपमा ठूलो रकम लगानी भएको छ । तर लगानी पर्याप्त भएपनि शैक्षिक गुणस्तरको सुधार किन हुन सकेन ? शैक्षिक लगानीको अधिकांश रकम के मा खर्च हुन्छ ? उक्त शीर्षकमा खर्च गर्दा शैक्षिक गुणस्तरमा के प्रभाव पर्छ ? आदि अन्योलतालाई कम गर्न र लगानी गर्दा के के कुरामा ध्यान पुऱ्याउन सकिन्छ खोजी गर्न सामुदायिक विद्यालयमा गुणस्तर सुधारमा आर्थिक लगानीको भूमिकालाई समस्याका रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

जनसङ्ख्याको वृद्धिदरलाई हेर्दा सामुदायिक माध्यमिक विद्यालय तहका उमेर समूहका बालबालिका पनि बढ्दै गएका छन् । शिक्षाको पहुँचबाट कुनै पनि नागरिक टाढा हुन नपरोस् भन्ने उद्देश्यले नेपाल सरकारले कक्षा १ देखि १० सम्मलाई निःशुल्क रूपमा शिक्षा दिँदै आएको छ तर पनि विषयगत शिक्षक दरबन्दीको अभावमा आर्थिक तथा व्यवस्थापकीय कमजोरीका कारण शिक्षामा विकास भएको छैन । यसको ज्वलन्त उदाहरणका रूपमा वर्तमान एस्.एल्.सी. तथा एस.ई.ई.को रिजल्ट तथा शैक्षिक बेरोजगारीलाई लिन सकिन्छ अर्थात् लगानी अनुरूप गुणस्तरीय शिक्षाको विकास गर्नु आजको आवश्यकता हो । तसर्थ यसबारे अध्ययन अनुसन्धान गर्नु औचित्यपूर्ण देखिएको हुँदा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा आर्थिक लगानीको प्रभावबारे शीर्षक छनौट औचित्यपूर्ण छ ।

आजको परिस्थितिमा माध्यमिक तहसम्मको शिक्षालाई उपलब्धिमूलक बनाउन आवश्यक छ । हालसम्म सामुदायिक विद्यालयमा गरिएको आर्थिक लगानी संस्थागत विद्यालयका तुलनामा निकै कमजोर देखिन्छ । जसको फलस्वरूप मा.वि तह उत्तीर्ण सामुदायिक विद्यालयका उत्पादनले विश्वबजारमा जानसक्ने सम्भावना अति न्युन छ । यो तहसम्मको शिक्षालाई आवश्यक शिक्षाका रूपमा लिएको हुँदा यसका लागि माध्यमिक विद्यालयमा देखापरेका शैक्षिक लगानी र गुणस्तर सम्बन्धी समस्याहरूको पहिचान गरी

समयमै आवश्यक कदम चाल्नुपर्ने देखिन्छ। अतः यस अध्ययनमा सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक लगानी र गुणस्तर सम्बन्धमा तथ्यपूर्ण विश्लेषण गरिएको छ। यसबाट प्राप्त निष्कर्षले वर्तमान समयमा देखापरेका सामुदायिक विद्यालय सम्बन्धी आर्थिक लगानीले शैक्षिक गुणस्तरमा पारेको प्रभावबारे पहिचान गरिएको छ।

नेपालको शैक्षिक लगानीको सन्दर्भमा यस क्षेत्रको शैक्षिक विकासका लागि लगानीकर्ताले के के मा लगानी गर्ने भन्ने कुराको निर्धारण गर्न यस अध्ययनले सहयोग पुऱ्याउने छ। नीति निर्माताको लागि आगामी लगानी कसरी गर्न सकेमा सरोकारवालासँग सोझै पुग्न सक्दछ तथा विद्यार्थी तथा सरोकारवालाले प्रत्यक्ष उपभोग गर्न पाउने अवस्था बन्दछ भने उपयुक्त नीति तर्जुमा गर्न सहयोग गर्दछ। अध्ययन अनुसन्धानकर्ताका लागि शैक्षिक लगानी के हो ? कसरी कार्यान्वयन भएको छ ? यसबाट कस कसले लाभ लिएका छन् र आगामी आर्थिक नीति कस्तो बनाउनु पर्नेरहेछ भन्ने जस्ता कुराको खोजी यस शोधमा गरिने छ। सामुदायिक विद्यालयले उचित आर्थिक लगानी गर्न नसकेमा सम्पूर्ण पक्षहरू कमजोर हुने भएकोले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी शीर्षक छनौट गरिएको छ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका लागि निम्नअनुसारका उद्देश्यहरू राखिएको छ :

क) सामुदायिक विद्यालयमा आर्थिक लगानीको अवस्था पत्ता लगाउनु,

ख) सामुदायिक विद्यालयमा आर्थिक लगानीका स्रोतहरू पहिचान गर्नु,

ग) शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानीले खेलेको भूमिकाको लेखाजोखा गर्नु,

घ) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी व्यवस्थापन प्रभावकारी बनाउने उपायको खोजी गर्नु।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनलाई अगाडि बढाउने क्रममा निम्नअनुसार अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

क) सामुदायिक विद्यालयमा आर्थिक लगानीको अवस्था कस्तो छ ?

ख) सबै सामुदायिक विद्यालयमा आर्थिक लगानीको अवस्था समान छ ?

ग) सामुदायिक विद्यालयमा आर्थिक लगानीका स्रोतहरू के के हुने गर्दछन् ?

घ) सामुदायिक विद्यालयको आम्दानीका स्रोतहरू के के हुन् ?

ङ) विद्यालयमा उपलब्ध सरकारी अनुदान र अन्य स्रोतबाट प्राप्त रकमको कुन ढङ्गबाट उपयोग गरिँदै आएको छ ?

च) आर्थिक लगानीबाट विद्यालयको गुणस्तर सुधारमा कस्तो प्रभाव परेको छ ?

छ) विद्यालयको आर्थिक लगानी व्यवस्थापन सुधारले शैक्षिक गुणस्तर वृद्धि गर्न कसरी सहयोग गर्दछ ?

ज) विद्यालयको आर्थिक लगानी व्यवस्थापनमा सुधार गरी शिक्षाको गुणस्तर वृद्धि गर्न के के उपायहरू अपनाउन सकिन्छ ?

झ) विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन के के कार्यहरू गर्न सकिन्छ ?

## १.६ अध्ययनका परिसीमा

यो अध्ययन सामुदायिक विद्यालयका आर्थिक लगानीको शैक्षिक गुणस्तरमा पर्ने प्रभावमा सीमित रहेको छ । यो अध्ययन सामुदायिक विद्यालयहरूमध्ये बिर्तामोडस्थित श्री सरस्वती मा.वि बिर्तामोड-६, श्री देवी उच्च मा.वि, बिर्तामोड-५ र श्री दशरथचन्द माध्यमिक विद्यालय मेचीनगर-१२ मा केन्द्रित रही सम्पन्न गरिएको छ । माध्यमिक तहमा उपलब्ध शैक्षिक अनुदानमध्ये भौतिक निर्माण र विद्यार्थी कल्याण (छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक) तथा शैक्षिक सामग्री उपलब्धिको विश्लेषण गरिएको छ । यस अध्ययनका क्रममा नमुनामा परेका विद्यालयहरूका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी र अभिभावकहरू मात्र अध्ययनको केन्द्र हुनेगरी सीमा निर्धारण गरिएको छ । यो अध्ययनमा ३ वटा विद्यालयको आ.व. २०७०।२०७१ देखि २०७३।७४ सम्मको लगानीमा आधारित भई शैक्षिक वर्ष २०७०, २०७१, २०७२, २०७३ सालको विद्यार्थीका एस.एल.सी. तथा एस.ई.ई. परीक्षाको उपलब्धिलाई कक्षा दोहोऱ्याउने दर, बीचैमा कक्षा छोड्ने दर, परीक्षामा उत्तीर्ण प्रतिशतलाई विश्लेषण गरिएको छ । प्राप्त सङ्ख्यात्मक तथ्याङ्कलाई तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । यी तथ्याङ्क अन्यत्र सामान्यीकरण नहुन पनि सक्दछन् ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेद अन्तर्गत अध्ययनका विषयवस्तुसँग मिल्ने पूर्व अप्रकाशित शोधपत्रहरू तथा सान्दर्भिक अनुसन्धानात्मक लेखरचनाहरूको पुनरावलोकन गरिएको छ । अध्ययनलाई अगाडि बढाउने क्रममा शैक्षिक लागत र लाभको विश्लेषण गर्न उपयुक्त सैद्धान्तिक खाकाको उल्लेख गरिएको छ ।

सम्बन्धित साहित्य भन्नाले कुनै पनि विषयमा गरिने अध्ययन अनुसन्धानसँग मिल्ने तथा अध्ययनलाई सहयोग पुऱ्याउने पूर्व साहित्यलाई जनाउँछ। यस्ता साहित्यहरूको अध्ययनबाट नयाँ अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्नुका साथै अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि दिशानिर्देश गर्दछ ।

खनाल (२०६५) का अनुसार "अनुसन्धान नयाँ होस्, नदोहोरियोस् भन्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ। यसका अतिरिक्त अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ। यसले अनुसन्धानकर्तालाई आफ्नो अध्ययनको विषय क्षेत्रलाई सीमित गर्न समेत सहयोग पुऱ्याउँदछ ।

नेपालमा शैक्षिक लगानीका सम्बन्धमा विभिन्न अभ्यास हुँदै आएका छन् । लगानीको स्रोतको रूपमा सार्वजनिक लगानी (सरकारी), व्यक्तिगत लगानी (निजी), बाह्य लगानी (दातासमूह), स्थानीय लगानी (स्थानीय सरकार) आदि छन् । विद्यालय क्षेत्र सुधार योजनाले ल्याउन लागेको संरचनागत सुधार अनुसारको कार्यक्रमका लागि कम्तिमा पनि राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षामा खर्च गर्ने प्रस्ताव गरेको थियो । कुल ग्रार्हस्थ उत्पादनको ४.५ प्रतिशत शिक्षामा खर्च गर्नुपर्छ भनेको छ तर यथार्थमा शिक्षाले करिब १७ प्रतिशतको हाराहारीमा बजेट प्राप्त गर्ने गरेको छ (कोइराला, २०६८) ।

यस खण्डमा पूर्वसाहित्य समीक्षाका क्रममा नेपालका सामुदायिक विद्यालयहरूको शैक्षिक लगानी र शैक्षिक उपलब्धि सम्बन्धी साहित्यहरूको समीक्षा गरिएको छ। यस अन्तर्गत विद्यालयको आयस्रोत, सरकारी अनुदान, विद्यालयमा स्रोत परिचालनको अवस्था,

शैक्षिक उत्पादन तथा सामुदायिक विद्यालयसँग सम्बन्धित शैक्षिक, भौतिक र मानवीय समस्याजस्ता विषयवस्तुहरूमा केन्द्रित रही पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ। पूर्वसाहित्य अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयहरूको शैक्षिक लगानी, खर्च र उपलब्धि सम्बन्धी अनुसन्धानात्मक लेख रचना र साहित्यलाई आधार बनाइने छ। संस्थागत विद्यालयमा गरिएको र सामुदायिक विद्यालयलाई आधार बनाएर गरिएको अनुसन्धानले पनि सामुदायिक विद्यालयको शैक्षिक लागत र उपलब्धिको अध्ययन गर्न सघाउ पुग्ने विश्वास लिइएको छ।

विद्यालय अर्थात् शैक्षिक संस्थामा अनुदान वितरणका लागि विभिन्न आधार बनाइए तापनि यो संस्थामा जाने स्रोत सबै एकै प्रकृति र स्वभावको हुन्छ भन्ने छैन। विद्यालय र शैक्षिक संस्थामा विभिन्न किसिमका कार्य हुने गर्दछन्। यी कार्यका लागि अनुदानलाई विभिन्न प्रकृतिमा वर्गीकरण गरिएको हुन्छ। विद्यालय वा शैक्षिक संस्थामा गरिने कार्यका आधारमा अनुदानको वर्गीकरण गरिएको हुन्छ। यस किसिमका निकायलाई प्रदान गरिएको अधिकार र सम्पादन गरिने कार्यका आधारमा अनुदानको स्वभाव फरक फरक हुन सक्छ, जस्तैः बढी विकेन्द्रिकरण प्रणाली भएको स्थानमा विद्यालय वा निकायलाई आर्थिक स्रोत एकमुष्ट रूपमा प्रदान गरिएको हुन्छ भने कम विकेन्द्रित स्थानमा विभिन्न शीर्षकमा वर्गीकरण गरी पठाइएको हुन्छ। नेपालको सन्दर्भमा शिक्षक तलब भत्ताको रकम शीर्षकगत रूपमा अनुदानको मात्रा निर्धारण गरी विद्यालयमा निकासा हुने गर्दछ, विद्यार्थीका लागि छात्रवृत्ति रकम पनि विद्यालय अनुदानको शीर्षकमा नै विद्यालयमा निकासा हुने गर्दछ। त्यसैगरी विद्यालय भवन निर्माण, विद्यालय गैह्रतलबीय अनुदान आदि जस्ता रकम समेत अनुदान शीर्षकबाट नै विद्यालयमा निकासा हुने गर्दछ (कोइराला, २०६८)।

मेटकन कन्सल्टेन्स (१९९६) को अध्ययनअनुसार सन् १९९४ र १९९५ को औसतमा १९ वटा सरकारी माध्यमिक विद्यालयहरूको औसत वार्षिक आम्दानी रु. १,१३,४२४ रहेको थियो। जसमा सरकारी अनुदान ४८.१%, अभिभावकबाट ३५.१% र अन्य स्रोतहरूबाट १६.१% भएको उल्लेख गरिएको छ। यस अध्ययनले माध्यमिक विद्यालयको प्रमुख आयस्रोत सरकारी अनुदान नै रहेको देखिएकाले अगाडिका दिनहरूमा माध्यमिक विद्यालयहरूले आफ्नो आर्थिक स्रोतलाई सुदृढ बनाउन आम्दानीका वैकल्पिक स्रोतहरू पहिल्याउन सुझाव दिएको पाइन्छ। माध्यमिक विद्यालयको खर्च विश्लेषण अनुसार जम्मा खर्चमा निम्न माध्यमिक

तलब भत्तामा २०.२% र माध्यमिक विद्यालयको तलब भत्तामा ४७.५% गरी जम्मा तलब भत्ता खर्च ९७.७%, कर्मचारी तलब भत्ता ८५%, अन्य विविध शीर्षकहरूमा २७.८% खर्च देखिन्छ। यसर्थ ठूलो अंश तलब भत्तामा खर्च हुन गएको र विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने जस्ता शीर्षकहरूमा कम प्रतिशत खर्च हुनाले विद्यालयको बचत कोषबाट शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्यक्रममा खर्च गर्न सुझाव दिएको पाइन्छ। मेटकनले आफ्नो अध्ययनमा विद्यालयले गरेको खर्चको आधारमा प्रतिविद्यार्थी लागत गणना गरेको पाइन्छ। यसअनुसार नेपालको ग्रामीण क्षेत्रमा रहेको सरकारी माध्यमिक विद्यालयमा प्रतिविद्यार्थी खर्च रु. २२४३।- र शहरी क्षेत्रमा रु. २९५३।- पर्न आएको देखाइएको छ।

शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरू प्रभावकारी एवम् सफलतापूर्वक सञ्चालन गराउने प्रक्रिया हो। योजना, सङ्गठन, निर्देशन, नियन्त्रणको प्रभावकारितामा शैक्षिक उद्देश्य प्राप्त गर्ने एक प्रक्रियाको रूपमा शैक्षिक व्यवस्थापन रहेको हुन्छ। Campbell र उनका साथीहरूका अनुसार शैक्षिक प्रशासन (व्यवस्थापन) मा शिक्षण एवम् सिकाइमा आधारित लक्ष्यहरू तथा नीतिहरूको विकासमा सहायता गर्न, शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षण सिकाइ कार्यको सञ्चालन गर्न कर्मचारी र सामग्रीहरूको व्यवस्था गर्ने कुराहरू समेत समावेश हुन्छन्। शैक्षिक व्यवस्थापनको विकासक्रमलाई हेर्दा सन् १९०० को आसपासबाट यसको विकास सुरु भएको पाइन्छ। सन् १९४० तिर विद्यालय प्रशासनमा प्रजातान्त्रिकरणको भावनाको विकास गरियो जसअन्तर्गत प्रजातान्त्रिक प्रशासन, प्रजातान्त्रिक सुपरिवेक्षण, प्रजतान्त्रिक निर्णय प्रक्रिया तथा प्रजातान्त्रिक शिक्षा प्रक्रियामा जोड दिइयो। Campbell ले यसलाई शिक्षामा प्रजातान्त्रिकरण र मानवीय सम्बन्धको विकासको शुभ लक्षण माने। मानव सम्बन्धको दृष्टिकोण अनुसार विद्यालयलाई सामाजिक संस्थाको रूपमा मानेर शैक्षिक क्षेत्रलाई समेत सामाजिक प्रणालीको रूपमा लिइयो। विभिन्न सामाजिक परिवेशका बाबजुद समाजका चाहना र आवश्यकता अनुसार शिक्षण गर्ने धारणा राखियो। शिक्षा प्रणालीमा विकेन्द्रीत शिक्षा प्रणालीको सुरुवात भयो। यसै बेला शिक्षण कार्यलाई पेसाको रूपमा विकास गर्नुपर्ने मान्यताको विकास भयो त्यसैगरी सन् १९५०-१९७० ताका शिक्षा प्रशासनमा सबै पक्षको विश्लेषण गरिनुपर्ने, शैक्षिक प्रशासकलाई प्रशासन र व्यवस्थापन सम्बन्धी तालिम दिनुपर्ने,

निर्णय प्रक्रियामा व्यापक सहभागिता हुनुपर्ने कुरामा जोड दिइयो (कोइराला र श्रेष्ठ, २०६२) ।

शैक्षिक संस्थाका लागि व्यवस्थापन महत्त्वपूर्ण पक्ष हो। शिक्षण सिकाइ एक सामाजिक प्रक्रिया हो । यसबाट समाजका सम्पूर्ण वर्ग प्रभावित हुन्छन् । शिक्षक, विद्यार्थी, अभिभावक, समुदायबीच घनिष्ट सम्बन्ध र सम्पर्क स्थापित गर्नुपर्छ । आर्थिक, राजनीतिक, भौतिक पक्षको समन्वय, सहभागिता र सहयोगबाट उद्देश्य पूरा गर्ने कार्य निरन्तर चल्छ । यसको उचित प्रयोग र सञ्चालन कुशल व्यवस्थापकबाट मात्र सम्भव छ । शिक्षाको विकास नै व्यक्ति र राष्ट्रको आधारशीला हो । शैक्षिक व्यवस्थापन पनि सामाजिक परिवर्तन सँगसँगै परिवर्तन भइरहन्छ। शिक्षण संस्थाको केन्द्रबिन्दु नै व्यवस्थापन हो। मानवीय स्रोत र साधनको परिचालन गरी राष्ट्रिय लक्ष्य र उद्देश्य पूरा गर्न शैक्षिक नेतृत्वले ठूलो जिम्मेवारी बोध गर्नुपर्छ । यसरी व्यवस्थापन एक सक्रिय र गतिशील साधन भएकाले योजना तर्जुमा गर्नेदेखि लिएर सङ्गठन गर्ने, निर्देशन गर्ने, समन्वय गर्ने, नियन्त्रण गर्ने, मूल्याङ्कन गर्ने कार्य शैक्षिक संस्थामा निरन्तर चलिरहन्छ। यस्ता कार्य गराउने जिम्मेवारी शैक्षिक व्यवस्थापनको हुन्छ (कोइराला र श्रेष्ठ, २०६२) ।

शर्मा (२०६४) का अनुसार विद्यालय व्यवस्थापन समिति को कार्यकुशलतामा वृद्धि हुन नसक्नु, विद्यालय व्यवस्थापन समिति ले आफूलाई सर्वेसर्वा सम्झनु, प्राप्त भएका अनुदान रकमको सही सदुपयोग हुन नसक्नु, मुलुकको आवश्यकता अनुसार नभई दातृ निकायको निर्देशनमा कार्यक्रम सञ्चालन गर्नु, विद्यालय व्यवस्थापन समिति ले प्रशासनिक कामकारवाहीमा दबाब दिनु, पर्याप्त मात्रामा जि.शि.का.बाट निरीक्षण तथा अनुगमन नहुनु, विद्यालयमा राजनैतिक चलखेल बढ्नुलाई विद्यालय व्यवस्थापनका प्रमुख समस्याको रूपमा लिइएको छ। विद्यालय व्यवस्थापनका समस्या समाधानका लागि अभिभावकहरूको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम समय समयमा सञ्चालन गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकका लागि व्यवस्थापकीय कार्यकुशलता अभिबृद्धि हुने तालिमहरू सञ्चालन गरिनुपर्ने, समुदायमा रहेका स्थानीय साधन स्रोत परिचालनका लागि सीपमूलक तालिम दिइनुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ।

खनाल (२०६५) का अनुसार शिक्षा नियमावलीमा न्यूनतम विद्यालय खुल्नुपर्ने दिनको सम्बन्धमा गरिएको व्यवस्था अनुसार विद्यालय खुल्न नसकेको, विद्यालयमा पाठ्यक्रम तथा

पुस्तकालयको व्यवस्था गर्न नसकिएको, व्यवस्थापन समिति र शिक्षक कर्मचारीबीच सुमधुर सम्बन्ध कायम राख्न नसकिएको, कक्षाकोठामा तालिमको प्रयोग हुन नसकेको, विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया व्यवहारिक नभएको, शिक्षकहरूमा प्राय: आफू जानेर काम पनि नगर्ने र प्रधानाध्यापकलाई पनि नटेर्ने प्रवृत्ति बढ्दै गएको, वर्षौंसम्म विद्यालय निरीक्षण हुन नसकेको जस्ता समस्याहरू विद्यालयको शैक्षिक प्रशासनमा बढिरहेका छन् । यस्ता समस्या समाधानका लागि प्रधानाध्यापकलाई प्रशासनिक र प्राविधिक प्रमुखका रूपमा सक्षम बनाउने गरी नियम बनाइनुपर्ने, विद्यालय शिक्षाको विषयवस्तुसँग मेल खाने गरी शिक्षक तालिमको पाठ्यक्रम निर्माण गरिनुपर्ने, आफूले पढाएको विषयको परीक्षाफलको आधारमा शिक्षकको मूल्याङ्कन र वृत्ति विकास गर्ने नियम बनाइनुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

विष्ट (२०००) ले सरकारी बजेटका आधारमा प्रतिविद्यार्थी लागतको गणना गर्दै सन् १९९२ मा प्रतिविद्यार्थी लागत रु. ६५४।- भएकोमा सन् १९९८ मा उक्त लागत वृद्धि भई रु. १८१६।- पुगेको देखाइएका छन् । शिक्षामा गरिएको सरकारी खर्चका बारेमा विष्टको अध्ययनले सन् १९९२/९३ मा कुल ग्रार्हस्थ उत्पादनको २.५ प्रतिशत र स्न १९९८/९९ मा २.६ प्रतिशत शिक्षामा लगानी भएको देखाएको छ । यसैगरी सन् १९९२/९३ मा कुल सरकारी खर्चमा शैक्षिक खर्च १३.४ प्रतिशत र सन् १९९९/२००० मा सो प्रतिशत ह्रास भई १३.२ प्रतिशतमा झरेको देखाइएको छ । अध्ययनमा सरकारले शिक्षामा गरेको जम्मा खर्चमध्ये माध्यमिक तहमा १९९२/९३ मा १५.२ प्रतिशत खर्च गरेको र सन् २००१ सम्म आइपुग्दा सो प्रतिशतमा बृद्धि भई २०.६ प्रतिशत पुगेको देखाइएको छ । माध्यमिक विद्यालयले गरेको जम्मा खर्चमा तलब भत्ता शीर्षक अन्तर्गत ७०.७ प्रतिशत र अन्य शीर्षकमा थोरै खर्च हुन गएको तथ्य देखाइएको छ ।

कार्की (२००२) ले अध्ययन क्षेत्र ओखलढुङ्गाका घर परिवारमध्ये ६.७ प्रतिशतको रु. १०,०००।- भन्दा कम, २६.७ प्रतिशतको रु. १०,०००।- देखि ३०,०००।- सम्म, २० प्रतिशतको रु. ३०,०००,- देखि रु. ५०,०००।- सम्म र ४६.६ प्रतिशतको रु. ५०,०००।- भन्दा बढी वार्षिक आम्दानी देखाइएको छ । १० वर्ष अघि अभिभावकहरूले आफ्ना बालबालिकाहरका लागि ५३ प्रतिशत लगानी गरेकामा अध्ययनको समयमा ६५.३३ प्रतिशत लगानी रहेको अध्ययनले देखाएको छ । तसर्थ सरकार तथा अभिभावक दुवै पक्षले शैक्षिक

क्षेत्रमा खर्च बढाउनुपर्ने, माध्यमिक तहदेखि प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्ने र त्यसका लागि पाठ्यक्रम समेत परिवर्तन गर्नुपर्ने, विद्यार्थी, शिक्षक अनुपातमा सुधार गर्न विषयगत रूपमा सरकारले शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने र छात्रवृत्तिको दर, कोटामा वृद्धि ल्याउनुपर्ने जस्ता सुझाव कार्कीको अध्ययनले पेश गरेको छ ।

## २.१ सैद्धान्तिक खाका

अध्ययन क्षेत्रअन्तर्गत सामुदायिक माध्यमिक विद्यालयको लागत अवस्थाको विश्लेषण, शैक्षिक लगानी व्यवस्थापनको समग्र आर्थिक लगानीको पक्षको अध्ययन गर्ने र लागत तथा लाभको विश्लेषणलाई शिक्षामा आर्थिक लगानी सम्बन्धी अध्ययनको सैद्धान्तिक खाका बनाइने छ ।

व्यवस्थापनको प्रशासनिक सिद्धान्तको प्रतिपादन गर्दै कुनै पनि संघ संस्थाका निर्धारित उद्देश्यहरू पूरा गर्न मानवीय, भौतिक, आर्थिक पक्षहरूको प्रबन्ध गर्ने र कुशलतापूर्वक साधन र स्रोतको परिचालनबाट मात्र लक्ष्य हासिल हुन सक्छ भनी उल्लेख गरेका छन् । व्यवस्थापनलाई प्रशासनिक सिद्धान्तअनुसार कार्य विभाजन, अधिकार र उत्तरदायित्व, अनुशासन, एउटै प्रशासनको व्यवस्था, निश्चित व्यक्तिको आदेश, सामूहिक हित र कार्यमा जोड, कर्मचारीको उचित सेवा, सर्त, सुविधा र पारिश्रमिकको व्यवस्था, आर्थिक पारदर्शिता, निष्पक्षता, जागिरको स्थायित्व, प्रोत्साहन र सहयोगको भावना जस्ता पक्षले संस्थाको उद्देश्य पूरा हुन सक्छ । फेयोलले व्यवस्थापनलाई प्रभावकारी बनाउन ६ वटा अन्तरसम्बन्धित क्रियाकलापहरूको उल्लेख गर्दै वस्तुको उत्पादन, प्राविधिक ज्ञान, व्यवसायिकता कार्य, लेखा र योजना, सङ्गठन, नेतृत्व, नियन्त्रण तथा व्यवस्थाकीय कार्यले मात्र संघ संस्थाले लगानीको प्रभावकारिता पाउन सक्छ विद्यालय पनि शैक्षिक जनशक्ति उत्पादन गर्ने संस्था हो । व्यवस्थापनको प्रशासनिक सिद्धान्त अनुरूप सञ्चालित विद्यालयले मात्र लगानीको उच्चतम उपयोग गर्न सक्छ र त्यसबाट अधिकतम प्रतिफल लिन सकिन्छ, भनी उल्लेख गरेका हुन् (कोइराला, २०६२) ।

यसरी लागत लाभ विश्लेषण र फेयोलको प्रशासकीय व्यवस्थापन सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकाको रूपमा उपयोग गरिएको छ ।

यस अध्ययनमा आम्दानी, खर्च र शैक्षिक गुणस्तर सुधारमा पारेको प्रभाव विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयको आम्दानीका स्रोत र विभिन्न शीर्षकमा गरिएको खर्चले

शैक्षिक गुणस्तर सुधारमा कस्तो प्रभाव पारेको छ अध्ययन गर्न लागत लाभ विश्लेषण गरिएको छ ।

कुनैपनि विद्यालयले आम्दानीको स्रोत बढाउन सके लगानीको मात्रा बढाउन सक्छ फलस्वरूप शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न उपायहरू अपनाउन सक्छ । उपलब्धि राम्रो भए विद्यार्थी सङ्ख्या बढ्न गई आम्दानीका स्रोत बढ्दै जान्छ तसर्थ सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानीले पार्ने प्रभाव विश्लेषण गर्न आम्दानी, लगानी र उपलब्धिबीचको सम्बन्धलाई विश्लेषण गरिएको छ ।

यसरी सम्बन्धित साहित्य समीक्षा अन्तर्गत प्रस्तुत गरिएको विभिन्न अनुसन्धानकर्ताहरूले माध्यमिक तहका विभिन्न विषयमा अध्ययन अनुसन्धान गरेका छन् । प्रस्तुत अध्ययनहरूले प्रतिविद्यार्थी लागतको अनुमान एसएलसी परीक्षा नतिजाका आधारमा विद्यालयको परिणाम विद्यालयको भौतिक पक्ष, शिक्षक विद्यार्थी अनुपात, घरपरिवारको आयस्रोत आदिका बारेमा विश्लेषण गरिएको छ ।

## २.२ पुनरावलोकनको उपादेयता

यस अध्ययनको क्रममा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययन क्षेत्र अन्तर्गतको सामुदायिक माध्यमिक विद्यालयको आर्थिक व्यवस्थापकीय पक्षको गहिरो अध्यपन र विश्लेषण गर्न सहयोग गर्दछ । विद्यालयमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्न आर्थिक पारदर्शिता, प्रशासनिक निष्पक्षता, शिक्षकको व्यवसायिक निपूणता र प्रभावकारी शिक्षण तथा भावी शैक्षिक योजना निर्माणमा मद्दत पुऱ्याउने छ । सम्बन्धित साहित्यको समीक्षाले राज्यको शैक्षिक नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्मका सम्पूर्ण सरोकारवाला पक्षहरूलाई शैक्षिक गुणस्तर अभिवृद्धि गरी अन्तराष्ट्रिय मापदण्डमा पुऱ्याउन सहयोग पुऱ्याउँदछ । साहित्यको पुनरावलोकनले अध्ययनको समीक्षा गर्न शैक्षिक गुणस्तरमा सुधारमा नयाँ नयाँ उपायहरूको खोजी गर्न शैक्षिक नीति निर्माण तय गर्न, पेशागत दक्षता हासिल गर्न, कार्यकुशलतामा वृद्धि गर्न, आर्थिक कार्यलाई पारदर्शी बनाउन, उपयुक्त निर्णय गर्न, लगानी गर्न, समन्वय गर्न, निर्देशन गर्न तथा प्रभावकारी व्यवस्थापन गर्न मार्गनिर्देशन गर्दछ । शैक्षिक नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन, अभिभावकहरूलाई अपनत्वको भावना जगाइ जनसहभागिता वृद्धि गर्न तथा अध्ययनलाई प्रभावकारी र उपलब्धिमूलक बनाई उद्देश्य प्राप्ति गर्न पुनरावलोकनले मार्गनिर्देशन गर्दछ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ। यस अध्ययनका लागी मानवीय स्रोत र अन्य साधनको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन र विश्लेषण गरेर अध्ययन सम्पन्न गर्नका लागि झापा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयमध्ये तीनवटा विद्यालयका सेवाक्षेत्र र विद्यालय उमेरका जनसङ्ख्या तथा विद्यालयमा भर्ना भइसकेका विद्यार्थी सङ्ख्याका आधारमा गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। यस अध्ययनमा समस्याहरू पत्ता लगाइ व्याख्या र विश्लेषण गर्दा सङ्कलन गरिएको तथ्य तथा तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा निष्कर्षमा पुग्न गुणात्मक विधिलाई प्रयोग गरिएको छ, जस्तैः अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजको प्रयोगबाट गुणात्मक अनुसन्धान विधिमा तथ्याङ्कको सङ्कलन गरिएको छ। अनुसन्धानका क्रममा अध्ययन गरिने क्षेत्रको खर्चको मात्रालाई प्रत्यक्ष रूपमा मापन गरी प्राप्त सङ्ख्यात्मक तथ्याङ्कलाई गणितीय विश्लेषणको विधिद्वारा निष्कर्षमा पुऱ्याइएको छ। यस अध्ययनमा विद्यालय सेवाक्षेत्रभित्रको जनसङ्ख्या, उक्त जनसङ्ख्याभित्रको शैक्षिक जनशक्ति, भर्ना भइसकेका विद्यार्थी पत्ता लगाउन परिमाणात्मक विधिको प्रयोग गरिएको छ।

## ३.२ जनसङ्ख्या र नमुना

यस शैक्षिक अनुसन्धानका लागि जनसङ्ख्याको नमुना छनौट गर्न झापा जिल्ला अन्तर्गत विर्तामोड न.पा.भित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको प्रतिनिधित्व हुने गरी उद्देश्यपूर्ण नमुना छनौट विधिबाट तीनवटा सामुदायिक माध्यमिक विद्यालयको छनौट गरिएको छ । उक्त माध्यमिक विद्यालयका माध्यमिक तहको कक्षा १० बाट व्यवस्थित नमुना छनौट विधिबाट सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी तीनवटै विद्यालयका ५।५ जना विद्यार्थी छनौट गरिएको छ। त्यस्तैगरी अभिभावकहरूमध्येबाट पनि तीनवटा

विद्यालयबाट सबै वर्ग, क्षेत्र र जातजातिको प्रतिनिधित्व हुने गरी १२ जनालाई उद्देश्यपूर्ण विधिबाट नमुना छनौट गरिएको छ। यस अध्ययनका लागि प्रत्येक विद्यालयबाट प्रधानाध्यापक १।१ जनाका दरले तीनजना, विद्यालय व्यवस्थापन समिति अध्यक्ष १।१ जनाका दरले तीनजना, शिक्षक २।२ जनाका दरले ६ जना छनौट गरिएको छ। अध्ययन नमुनामा परेका विद्यालयहरु क्रमशः श्री दशरथ चन्द मा.वि., श्री देवी मा.वि., श्री सरस्वती मा.वि.रहेको छ।

## ३.३ नमुना छनोट विधि

अध्ययनका लागि नमुना छनौट गर्न उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत मानिन्छ। अनुन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरू फरक-फरक हुन सक्ने भएकाले यस अध्ययनलाई अगाडि बढाउने क्रममा निम्न तथ्याङ्कका स्रोतहरू प्रयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानको क्रममा विद्यालयसँग सम्बन्धित खोजी गरिएका मुख्य विषयवस्तुहरू समेट्ने गरी विद्यालयको अवलोकन, शिक्षक, विद्यार्थी तथा सरोकारवालासँगको छलफल, अन्तर्वार्तालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ।

### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानका क्रममा पूर्व प्रकाशित तथा सङ्कलित तथ्याङ्कलाई समेत उपयोग गरिएको छ। यस अन्तर्गत सरकारी निकासाको विवरण, फ्लाक्स रिपोर्ट, भर्ना वही, मूल्याङ्कन वही, जिन्सी अभिलेख, छात्रवृत्ति अभिलेख, सामाजिक परीक्षण प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, एस.एल.सी. तथा एस.ई.ई. नतिजा लेजर लगायत अन्य सान्दर्भिक दस्तावेजहरूलाई द्वितीय तथ्याङ्कका रूपमा उपयोग गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरू

उपर्युक्त विषयवस्तु विश्लेषणका लागि तपसिलमा उल्लेख गरिएअनुसार तथ्याङ्क सङ्कलनका साधनहरू प्रयोग गरिएको छन् :

### ३.५.१ अन्तर्वार्ता फाराम

सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्य, विद्यार्थी, अभिभावकसँग अन्तर्वार्ता गरिएको छ । यसलाई अनुसूची ४ मा समावेश गरिएको छ ।

### ३.५.२ अवलोकन फाराम

यस अन्तर्गत श्रेणीमापन र रुजु सूची फारामहरू प्रयोग गरी अवलोकन गरिएको छ । यसलाई अनुसूची ५ मा समावेश गरिएको छ ।

### ३.५.३ बन्द र खुल्ला प्रश्नावली

यस कार्यका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी एवम् विद्यालयका व्यवस्थापन समितिका अध्यक्षसँग विभिन्न विषयमा बन्द र खुल्ला प्रश्नावली तयार गरी सूचना सङ्कलन गरिएको छ । यसलाई अनुसूची १, २ र ३ मा समावेश गरिएको छ ।

### ३.५.४ छलफल निर्देशिका

यस कार्यको छलफलका लागि कहिले, कहाँ, कोसँग अध्ययन कसरी गरिने भनी समय सीमा समेत निर्धारण भएको व्यवस्थित निर्देशिका तयार गरिएको छ । यसलाई अनुसूची ६ मा समावेश गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका सम्बन्धित विद्यालयमा निर्धारित समयमा गई उक्त विद्यालयका प्रधानाध्यापकसँग अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराइदिन अनुरोध पत्र प्रदान गरिएको छ । प्रधानाध्यापकसँग आफ्नो अध्ययनको विषयवस्तुमाथि प्रकाश पारी विद्यालयको सम्पूर्ण गतिविधि, अवस्थाबारे छलफल गरी आवश्यक तथ्याङ्क लिने वातावरण तयार पारिने छ । आवश्यक सूचना तथा जानकारीहरू

सङ्कलन गर्ने क्रममा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरू, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी, शिक्षक, अभिभावकसँग अनुसन्धानकर्ता स्वयम् उपस्थित भई प्रश्नावली भराउने, अन्तर्वार्ता लिने, विद्यालयमा मौजुदा जानकारीहरू सङ्कलन गरिएको छ। यथार्थ र वस्तुगत सूचना मात्र लिई अध्ययन गरिएको छ। तथ्याङ्क लिने क्रममा कतिपय महत्वपूर्ण छुटेको सूचना तथा जानकारीहरू पुनः सम्बन्धित विद्यालयसँग सम्पर्क राखी प्राप्त गरिएको छ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

तयार पारिएका तथ्याङ्कहरूका साधनहरूबाट प्राप्त तथ्याङ्कलाई वर्गीकरण गरिएको छ। यसमा अस्पष्टता, अशुद्धि र विरोधाभाष कुराहरू भएमा पुनः सम्बन्धित पक्षहरूसँग सम्पर्क गरी शुद्धिकरण र सम्पादन गरिएको छ। सम्पादित तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुरूप विभिन्न कोणबाट विश्लेषण गर्नका लागि तालिका निर्माण गरिएको छ। यो शैक्षिक अनुसन्धानका लागि प्राप्त तथ्याङ्कहरूलाई प्रतिशतका रूपमा विश्लेषण गरिएको छ। यो शैक्षिक अनुसन्धानका लागि छात्रछात्रा सङ्ख्या, शिक्षक विद्यार्थी सङ्ख्या, तालिम प्राप्त शिक्षक सङ्ख्या आदिलाई अनुपातका आधारमा र आयव्यय विवरण प्रति विद्यार्थी लागत, शैक्षिक उपलब्धि, एस.एल.सी. तथा एस.इ.इ. नतिजालाई तालिकामा प्रस्तुत गरिएको छ। गुणात्मक तथ्याङ्कलाई शाब्दिक व्याख्या विश्लेषण गरिएको छ। प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कका आधारमा विद्यालयको अवस्था कस्तो छ ? आम्दानीका स्रोत के के हुन् ? के के शीर्षकमा खर्च भए ? र आम्दानीले विद्यालयको गुणस्तर सुधारमा कस्तो प्रभाव पारेको छ ? विश्लेषण गरिएको छ।

# परिच्छेद : चार

# नतिजाको विश्लेषण

यस शैक्षिक अनुसन्धानका लागि छनोट गरिएका माध्यमिक विद्यालयहरूबाट लिइएका तथ्याङ्कको विश्लेषण र व्याख्या यस परिच्छेद अन्तर्गत गरिएको छ। तथ्याङ्कको विश्लेषण र व्याख्या गर्ने क्रममा पहिलो शीर्षक अन्तर्गत अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको आयस्रोतको पहिचान र खर्च सम्बन्धी विश्लेषण गरिएको छ। माध्यमिक विद्यालयहरूको आयस्रोतको रूपमा विद्यालयको निजी स्रोत, आयस्रोतको रूपमा स्थानीय सरकार र अन्य स्रोतहरू सम्बन्धी विश्लेषण गरिएको छ। यी माध्यमिक विद्यालयहरूले विभिन्न शीर्षकमा वर्षभरि गरेको शैक्षिक खर्च र अभिभावकद्वारा अप्रत्यक्ष रूपमा गरेको शैक्षिक खर्चको समेत विश्लेषण गरिएको छ।

छनोट गरिएका विद्यालयहरूको समग्र शैक्षिक स्थितिको बारेमा विश्लेषण गरिएको छ जसअन्तर्गत चार शैक्षिक सत्र (२०७०, ०७१, ०७२ र ०७३) को एस.एस.सी.तथा एस.ई.ई परीक्षाको नतिजा विश्लेषण गर्नुका साथै माध्यमिक तह कक्षा १० मा विद्यार्थी भर्ना प्रतिशत, कक्षा दोहोर्‍याउने दर, कक्षा छोड्ने दर शैक्षिक खर्च अनुसारको शैक्षिक उपलब्धि स्तरको अवस्था, एस.एल.सी. परीक्षा गरेपछि उच्च शिक्षामा भर्नाको अवस्था, शैक्षिक स्तर र रोजगारीको सम्भावना जस्ता पक्षहरूको विश्लेषण गरिएको छ।

विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि गर्न विद्यालयले गरेका प्रयासहरूका बारेमा विश्लेषण गरिएको छ। यस अन्तर्गत कोचिङ तथा ट्युसन कक्षा सञ्चालन, अतिरिक्त क्रियाकलापहरू, शैक्षिक तालिम गोष्ठी तथा सेमिनार, शिक्षकले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र क्षमतालाई कक्षाकोठामा गरेको प्रयोगको अवस्था र सम्बन्धित निकायबाट कक्षा शिक्षणको अनुगमन र निरीक्षणको प्रभावकारिता आदि विषयमा केन्द्रित भई विश्लेषण गरिएको छ।

## ४.१ विद्यालयमा आर्थिक लगानीको अवस्था

राष्ट्रले तय गरेको शिक्षाको राष्ट्रिय उद्देश्य अनुरूप गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न शैक्षिक लगानी पनि उच्च हुनु पर्दछ। वर्तमान अवस्थामा विद्यालयको आर्थिक स्रोत सरकारी लगानीमा निर्भर भएको देखिन्छ भने अन्य स्रोतहरू दिनदिनै सीमित हुँदै गइरहेको अवस्था छ। अध्ययन क्षेत्रमा माध्यमिक विद्यालयहरूको मौजुदा आर्थिक स्रोत र खर्चको अवस्था समीक्षा गर्न विद्यालयको आर्थिक स्रोत र खर्चलाई दुई उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ।

### ४.१.१ विद्यालयको आर्थिक स्रोत

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको आर्थिक स्रोत पहिचानका लागि सम्बन्धित विद्यालयहरूको सामाजिक परीक्षण प्रतिवेदन, लेखा परीक्षण र विद्यालयको अन्य अभिलेखबाट स्थलगत अवलोकन सहित तथ्याङ्क लिइएको छ। तथ्याङ्कबाट प्राप्त माध्यमिक विद्यालयहरूको आर्थिक स्रोतलाई निम्नानुसार प्रस्तुति र विश्लेषण गरिएको छ :

### क. आय स्रोतको रूपमा सरकारी अनुदान

छनोट गरिएका माध्यमिक विद्यालयहरूमा माध्यमिक तहको मात्र आयस्रोतको गणना तथा त्यसको विश्लेषण गर्नका लागि अध्ययन क्षेत्रमा तीनवटा माध्यमिक विद्यालयको आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ र २०७३/०७४ सालको आम्दानीलाई लिइएको छ। माध्यमिक तहका लागि प्राप्त हुने सरकारी अनुदान अन्तर्गत शिक्षक तलब भत्ता, प्रशासनिक अनुदान, मसलन्द खर्च, मर्मत खर्च, छात्रवृत्ति, प्रतिविद्यार्थी कोष, कम्प्युटर, पुस्तकालय जस्ता शीर्षकहरूमा रकम निकासा हुने देखिन्छ। अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको प्राप्त सरकारी अनुदान रकमलाई निम्नअनुसार तालिकामा देखाइएको छ :

तालिका ४.१ : सामुदायिक विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७०/०७१)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | शिक्षक तलब भत्ता | ९९५५३१९ | ३३८४४७१ | ५५२४४३० |
| २. | पाठ्यपुस्तक | ४९८०४० | १७०७१० | २४२१६० |
| ३. | निर्माण तथा मर्मत | ७५००० | ५००००० | - |
| ४. | छात्रवृत्ति | ३९६९०० | १३८९५० | १५०८०० |
| ५. | कम्प्युटर व्यवस्थापन | १४०००० | १४०००० | १४०००० |
| ६. | शैक्षिक सामग्री | २०३००० | ९४२६० | ११७९१० |
| ७. | कर्मचारी व्यवस्थापन | २७३००० | १९२४०० | १९२४०० |
| ८. | मसलन्द | ४१७०० | २७००० | २७००० |
| ९. | पि.सि.एफ | ३९२७९० | २७३३२५ | ७२४५० |
|  | जम्मा | ११९७५७४९ | ९४२१११६ | ६४६७१५० |

स्रोत : विद्यालयको अभिलेख

तालिका १ मा आर्थिक वर्ष २०७०/०७१ मा विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ। जसमा तलब भत्ता दरबन्दीअनुसार दिइएको छ भने पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री शीर्षकमा विद्यार्थी सङ्ख्याअनुसार निकासा दिने भएकाले जुन विद्यालयमा बढी विद्यार्थी छन् सोही विद्यालयलाई बढी निकासा रकम दिएको पाइयो। निर्माण तथा मर्मत शीर्षकमा पनि अलगअलग रकम दिएको पाइयो। श्री सहिद दशरथ चन्द उ.माध्यमिक विद्यालयमा निर्माण तथा मर्मतको कुनै पनि शीर्षकमा रकम निकाशा भएको देखिँदैन। सरकारले सबैभन्दा बढी रकम ८३% रकम शिक्षक तलबभत्तामा लगानी गरेको पाइन्छ।

तालिका ४.२ : सामुदायिक विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७१/०७२)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | शिक्षक तलब भत्ता | १११९४२७७ | ३९२५४६८ | ६६१६४७४ |
| २. | पाठ्यपुस्तक | ६६९७०० | १७६५३५ | २८१०९० |
| ३. | निर्माण तथा मर्मत | २५०००० | १०००००० | - |
| ४. | छात्रवृत्ति | २९७१०० | १२०१५० | १४२५२५ |
| ५. | पिसिएफ | ९७२०० | ३७२०८० | - |
| ६. | शैक्षिक सामग्री | २४४१९० | ६२१९० | ८६७३० |
| ७. | कर्मचारी | २७३३००० | - | - |
| ८. | मसलन्द | २४००० | २४००० | २४००० |
| ९. | पुस्तकालय व्यवस्थापन | - | - | १००००० |
| | जम्मा | १५५०९४६७ | ५६८०४२३ | ७२५०८१९ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा आर्थिक वर्ष २०७१/०७२ मा विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ जसमा तलब भत्ता दरबन्दी अनुसार दिइएको छ भने पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री शीर्षकमा विद्यार्थी सङ्ख्या अनुसार निकासा दिने भएकाले जुन विद्यालयमा बढी विद्यार्थी छन् सोही विद्यालयलाई बढी निकासा रकम दिएको पाइयो । यस आर्थिक वर्षमा सरकारी लगानीको ७२% रकम शिक्षक तलब भत्तामा खर्च गरेको पाइन्छ । निर्माण तथा मर्मत शीर्षकमा पनि अलग अलग रकम दिएको पाइयो । यस आ.व.मा कम्प्युटर व्यवस्थापन शीर्षकमा कुनै पनि विद्यालयमा रकम निकासा नभएको देखिन्छ तर पुस्तकालय व्यवस्थापनमा श्री सहिद दशरथ चन्द माध्यमिक विद्यालय मा निकासा दिएको देखिन्छ । यस विद्यालयमा निर्माण तथा मर्मतको रकम निकासा नभएको पाइयो ।

तालिका ४.३ : सामुदायिक विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७२/०७३)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | शिक्षक तलब भत्ता | ११४९५१८५ | ४१६५२९१.४० | ६६३१३०९.२७ |
| २. | पाठ्यपुस्तक | ८६६६०० | १५२२९० | २१२१८५ |
| ३. | निर्माण तथा मर्मत | १८००००० | १५००००० | १४००००० |
| ४. | छात्रवृत्ति | ३३६५०० | १३०७०० | १४७५० |
| ५. | पिसिएफ | ४३४२०० | १८२००० | १४७९०० |
| ६. | शैक्षिक सामग्री | ३५६०५० | ८७६४० | १३६५२० |
| ७. | मसलन्द+छपाई अनुदान | ५०००० | ३००००० | ५०००० |
| ८. | विद्यालय कर्मचारी व्यवस्थापन | २७३००० | १९२४०० | १९२४०० |
| | जम्मा | १५६११५३५ | ६७१०३२१.४० | ८७८५०६४.२७ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा आर्थिक वर्ष २०७२/०७३ मा विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ जसमा तलब भत्ता दरबन्दी अनुसार दिइएको छ जुन सरकारी लगानीको ७३% रहेको छ । पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री शीर्षकमा विद्यार्थी सङ्ख्याअनुसार निकासा दिने भएकाले जुन विद्यालयमा बढी विद्यार्थी छन् सोही विद्यालयलाई बढी निकासा रकम दिएको पाइयो । निर्माण तथा मर्मत शीर्षकमा पनि अलग अलग रकम दिएको पाइयो । यस आ.व.मा कम्प्युटर व्यवस्थापन शीर्षकमा तीनैवटा विद्यालयलाई समान रकम निकासा दिएको पाइयो ।

तालिका ४.४ : सामुदायिक विद्यालयको सरकारी अनुदान रकम (आ.व. २०७३/०७४)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | शिक्षक तलब भत्ता | १२८९४३६०.३० | ४१६५२९१.४० | ८८३३६३३.७० |
| २. | स.का. कर्मचारी तलब | | | ४०३००० |
| ३. | भवन निर्माण | | १४००००० | १८००००० |
| ४. | पाठ्यपुस्तक | ६७८०१५ | १५२२२९ | ३२५९४० |
| ५. | छात्रवृत्ति | ४६०२२० | १३०७०० | २९२७०० |
| ६. | खेलकुद | १०००० | १०००० | १०००० |
| ७. | विज्ञान प्रयोगशाला | | | १५००००० |
| ८. | शैक्षिक सामग्री | ३३८६०० | ८७६४० | ७७०० |
| ९. | बुक कर्नर | | | १६४८९० |
| १०. | मसलन्द | ३०००० | ३०००० | ३०००० |
| ११. | विद्यालय सुधार योजना | २०००० | १०५०० | २०००० |
| १२. | दिवा खाजा | ११०५०० | ११८७५ | ५९४०० |
| १३. | मर्मत सुधार | १००००० | १००००० | |
| १४. | पिसिएफ | ४३५००० | १८२००० | २७०६०० |
| | जम्मा | १५०५९६९५.३० | ६२८०२९६.४ | १३७१७८६३.७ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा आर्थिक वर्ष २०७३/०७४ मा सामुदायिक विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ जसमा ५०% अनुदान शिक्षक तलबभत्तामा गरेको पाइन्छ । छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री आदि शीर्षकमा विद्यार्थी सङ्ख्याअनुसार रकम विनियोजन गरेको पाइन्छ। भवन निर्माण तथा मर्मत, दिवा खाजा आदि शीर्षकमा पनि अलग अलग रकम अनुदान दिएको पाइयो। यस तथ्याङ्कबाट जुन विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै छन् त्यस विद्यालयमा धेरै रकम अनुदान दिइएको पाइन्छ।

तालिका ४.५ : अभिभावकबाट प्राप्त आम्दानी विवरण (आ.व. २०७०/०७१)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | परीक्षा शुल्क | १७४३९० | ४५९४० | १८४८५५ |
| २. | भर्ना शुल्क र चन्दा | ५९९१९० | ३७२३०४ | १३६९०० |
| ३. | चारित्रिक प्रमाणपत्र शुल्क | १८०४०० | १९५०० | ७४७५० |
| ४. | आर्थिक अनुदान | - | ४०६८०० | १२५९५० |
| ५. | विविध | १५५१३ | ५७००० | २७५०० |
| | जम्मा | ९६९४९३ | ९०१५४४ | ५४९९५५ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयहरूले परीक्षा शुल्क, एस.एल.सी, प्रमाणपत्र शुल्क, भौतिक सहयोग शुल्क र विविधमा अभिभावकबाट शुल्क लिने गरेको पाइयो । एक शैक्षिक सत्रमा प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा गरी ३ पटक परीक्षा लिने गरे तापनि अर्धवार्षिक र वार्षिक परीक्षामा कक्षा ६ देखि १० सम्म शुल्क लिने गरेको, एसएलसी उत्तीर्ण विद्यार्थीबाट चारित्रिक प्रमाणपत्र शुल्क बापत प्रतिविद्यार्थी रु.३००।- देखि रु.८००।- सम्म लिने गरेको, भौतिक सहयोग शुल्क भनी भर्ना अवधिमा लिने गरेको र विविध अन्तर्गत भर्ना फारम, सिफारिस, स्थानान्तरण प्रमाणपत्र बापत न्यून रकम लिइएको पाइयो । शिक्षाप्रेमी तथा समाजसेवीबाट आर्थिक सहयोग बापत पनि रकम अनुदान दिएको पाइयो। २०७०/२०७१ मा देवी उ.माध्यमिक विद्यालयमा आर्थिक अनुदान नभएको पाइयो ।

तालिका ४.६ : अभिभावकबाट प्राप्त आम्दानी विवरण (आ.व २०७१/०७२)

| क्र.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | परीक्षा शुल्क | ३५८७६५ | ८३७१० | ५१२५४९ |
| २. | चन्दा | ५३१११३० | २२११०० | - |
| ३. | चारित्रिक प्रमाणपत्र शुल्क | ११३८३० | १७८०० | ७०३०५ |
| ४. | आर्थिक अनुदान | - | ४४०२१९ | |
| ५. | विविध | ३१६०० | १२०७५ | |
| | जम्मा | १०३५३२५ | ७७४९०४ | ५८२८५४ |

स्रोत : विद्यालयको अभिलेख

विद्यालयको सहयोगको लागि अभिभावकले विभिन्न शीर्षकमा समय समयमा रकम तिरेको पाइयो। एउटा विद्यार्थीसँग वर्षमा २ पटक परीक्षामा रकम लिइएको पाइयो भने चारित्रिक प्रमाणपत्र बापत रु.३०० देखि रु.८०० सम्म रकम लिएको देखियो। साथै विद्यालयमा आर्थिक सहयोग जुटाउन आर्थिक अनुदान, चन्दा, विविध शीर्षकमा अभिभावकहरूले विद्यालयमा लगानी गरेको पाइयो।

तालिका ४.७ : अभिभावकबाट प्राप्त आम्दानी विवरण (आ.व २०७२/०७३)

| क्र.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | परीक्षा शुल्क | ३०६०४५० | ६६३४० | ६७१२५५ |
| २. | भर्ना शुल्क | १०४६१२० | २१४६०० | - |
| ३. | चारित्रिक प्रमाणपत्र शुल्क | ११०७०० | २२४०० | - |
| ४. | आर्थिक अनुदान | १५५३६७ | १७२१५१ | ८१५७३ |
| ५. | विविध | २४१३६ | १९१३५ | - |
| | जम्मा | ४३९६७७३ | ४९४६२६ | ७५२८२८ |

स्रोत : विद्यालयको अभिलेख

यसरी प्रत्येक आर्थिक वर्षमा विभिन्न शीर्षकमा अभिभावकबाट रकम लिएको देखिन्छ। अभिभावकबाट रकम लिएको कारणले पनि अपनत्वको भावनाको विकास भएको

छ। अभिभावकबाट लिएको रकम पनि विद्यालयको शैक्षिक, भौतिक गुणस्तर वृद्धि गर्नका लागि नै प्रयोग भएको देखिन्छ।

तालिका ४.८ : अभिभावकबाट प्राप्त आम्दानी विवरण (आ.व. २०७३/०७४)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | परीक्षा शुल्क | ४६०६०० | ११८०० | २२६८०० |
| २. | चन्दा | १६७३०० | ८८१५१ | १९७३५५ |
| ३. | चारित्रिक प्रमाणपत्र शुल्क | ११७५०० | २२४०० | ४७००० |
| ४. | आर्थिक अनुदान | | | |
| ५. | शैक्षिक भ्रमण | १००००० | ८४००० | |
| ६. | भर्ना शुल्क | ६८८३०० | ६६३४० | ४२६००० |
| ७. | विविध | १५६०० | ७२०० | १४३२० |
| | जम्मा | १५४९३०० | ३७९८९१ | ९११४७५ |

स्रोत : विद्यालयको अभिलेख

विद्यालयलाई अगाडि लैजाने क्रममा अभिभावकको ठूलो दायित्व देखिन्छ। अध्ययन गरिएका विद्यालयमा अभिभावकको सहयोगबिना विद्यालयको कार्य सञ्चालनमा कठिनाई हुने देखिन्छ। विद्यार्थीबाट परीक्षा शुल्क, भर्ना शुल्क, प्रमाणपत्र शुल्क वापत ३ वटै विद्यालयले रकम लिएको पाइन्छ। विद्यालयमा अभिभावकले प्रत्यक्ष लगानीका साथसाथै अप्रत्यक्ष रूपमा मोटो रकम लगानी गरेको पाइयो।

तालिका ४.९ : सामुदायिक विद्यालयको निजी आयस्रोत (आ.व २०७०/०७१)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जग्गाबाट | - | - | ३०३८० |
| २. | घर भाडा | ४१४०० | - | - |
| ३. | लगानीबाट | - | - | - |
| ४. | बैङ्क ब्याज | ४८३१८ | ३०३३४.५२ | ३२५०० |
| ५. | विविध | - | १५६० | २७५०० |
| | जम्मा | ८९७१८ | ३१८९४.५२ | ९०३८० |

स्रोत : विद्यालयको अभिलेख

यसरी अध्ययन क्षेत्रमध्येका देवी उ.माध्यमिक विद्यालयको सटर भाडामा पाइयो भने सहिद दशरथ चन्द उ.माध्यमिक विद्यालयले जग्गा ठेक्कामा लगाई केही रकम ठेक्का बापत उठाएको पाइयो भने सरस्वती माध्यमिक विद्यालयको भने बैंकको ब्याज मात्र पाइयो ।

तालिका ४.१० : सामुदायिक विद्यालयको निजी आयस्रोत (आ.व २०७१/०७२)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जग्गाबाट | - | - | १९६०० |
| २. | घरभाँडा | ५४०००० | - | - |
| ३. | लगानीबाट | - | - | - |
| ४. | बैङ्क ब्याज | ४०१२ | ११६३०।४० | २७२७३.५५ |
| ५. | विविध | १५०००० | - | - |
| | जम्मा | ६९४०१२ | ११६३०।४० | ४६८७३ |

स्रोत : विद्यालयको अभिलेख

अध्ययन क्षेत्रका ३ वटै माध्यमिक विद्यालय हरूमध्ये श्री देवी उ.माध्यमिक विद्यालयले घर भाडा बापत निजी आम्दानी गरेको देखिन्छ भने श्री सहिद दशरथ चन्द उ.माध्यमिक विद्यालयले थोरै भए पनि जग्गा ठेक्का बापत निजी आम्दानी गरेको देखिन्छ तर श्री सरस्वती माध्यमिक विद्यालयको दुवै शीर्षकमा कुनै पनि आम्दानी नभएर बैंक ब्याजमा थोरै रकम आफ्नो निजी आम्दानीको रूपमा देखाइएको पाइयो । अध्ययनमा परेका अरू विद्यालयको पनि बैंक ब्याज बापत थोरै रकम निजी आम्दानीको रूपमा देखाइएको पाइयो ।

तालिका ४.११ : सामुदायिक विद्यालयको निजी आयस्रोत (आ.व २०७२/०७३)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जग्गाबाट | - | - | ३०००।- |
| २. | घरभाँडा | ५७६०००।- | - | - |
| ३. | लगानीबाट | - | - | - |
| ४. | बैङ्क ब्याज | ३३१६९ | १०४४३.७२ | २३०४५ |
| ५. | विविध | १२५१०० | ७२०० | |
| | जम्मा | ७३४२६९ | १७६४३।७२ | २६०४५ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा परेका विद्यालयको प्रत्येक आ.व. को निजी स्रोतको आम्दानी हेर्दा जग्गाबाट सहिद दशरथ चन्द माध्यमिक विद्यालय ले मात्र केही रकम प्राप्त गरेको छ भने देवी माध्यमिक विद्यालयले पनि घर भाडाबाट केही रकम आम्दानी गरेको पाइएको छ भने सरस्वती माध्यमिक विद्यालयले निजी आम्दानी बापत ब्याजको बैंक ब्याजलाई मात्र निजी आम्दानीको रूपमा देखाइएको पाइन्छ ।

तालिका ४.१२ : सामुदायिक विद्यालयको निजी आयस्रोत (आ.व २०७३/०७४)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जग्गाबाट | - | - | ९७७५ |
| २. | घरभाँडा | ६८०००० | - | - |
| ३. | लगानीबाट | - | - | - |
| ४. | बैङ्क ब्याज | २३८०.५० | ४१०१७.१८ | १९७२०.४० |
| ५. | विविध | २५०५० | २३६० | १२३०० |
| | जम्मा | ७०७४३०.५० | ४३३७७.१८ | ४१७९५४ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा परेका विद्यालयको प्रत्येक आ.व. को निजी स्रोतको आम्दानी उल्लेख गरिएको छ। जसमध्ये देवी माध्यमिक विद्यालयले

घरभाँडाबाट मोटो रकम आम्दानी गरेको देखिए पनि अन्य दुई माध्यमिक विद्यालयको निजी आम्दानीको स्रोत न्यून रहेको पाइन्छ ।

तालिका ४.१३ : स्थानीय सरकारबाट प्राप्त आम्दानी (२०७०/०७१)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जिल्ला विकास समिति | - | - | - |
| २. | नगरपालिका | - | १००००० | - |
| ३. | गाउँ विकास समिति | - | - | - |
| | जम्मा | | १००००० | |

स्रोत : विद्यालयको अभिलेख

अध्ययनमा परेका विद्यालयहरूलाई स्थानीय सरकारबाट आर्थिक वर्ष २०७०/०७१ मा श्री सरस्वती माध्यमिक विद्यालयलाई रु. १,००,०००।- दिएको देखिन्छ भने अरू दुईवटा माध्यमिक विद्यालयलाई स्थानीय सरकारले कुनै पनि लगानी निकास नगरेको तथ्याङ्क पत्ता लागेको छ ।

तालिका ४.१४ : स्थानीय सरकारबाट प्राप्त आम्दानी (२०७१/०७२)

| क.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जिल्ला विकास समिति | - | - | - |
| २. | नगरपालिका | १८४४०० | २०००० | - |
| ३. | गाउँ विकास समिति | - | - | ७१४००।- |
| | जम्मा | १८४४०० | २०००० | ७१४००।- |

स्रोत : विद्यालयको अभिलेख

अध्ययन परेका विद्यालयहरूमध्ये २०७१/०७२ मा स्थानीय सरकारबाट तीनवटै विद्यालयलाई फरक फरक शीर्षकमा फरक फरक रकम निकासा दिएको विद्यालयको अभिलेखबाट प्राप्त भएको छ ।

तालिका ४.१५ : स्थानीय सरकारबाट प्राप्त आम्दानी (२०७२/०७३)

| क्र.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जिल्ला विकास समिति | ४९२५० | - | |
| २. | नगरपालिका | - | २००००० | ५०००० |
| ३. | गाउँ विकास समिति | - | - | - |
| | जम्मा | ४९२५० | २००००० | ५०००० |

स्रोत : विद्यालयको अभिलेख

अध्ययन परेका तीनवटा विद्यालयलाई आर्थिक वर्ष २०७२/०७३ मा स्थानीय सरकारमध्ये जिल्ला विकास समितिबाट श्री देवी उ.माध्यमिक विद्यालयलाई केही रकम दिएको देखियो भने श्री सरस्वती माध्यमिक विद्यालयलाई नगरपालिकाले रकम उपलब्ध गराएको छ भने श्री सहिद दशरथ चन्द उ. माध्यमिक विद्यालयलाई गा.वि.स.ले थोरै रकम निकासा दिइएको पाइयो। तसर्थ यस आर्थिक वर्षमा तीनै वटा विद्यालयलाई स्थानीय सरकारले लगानी गरेको पाइयो।

तालिका ४.१६ : स्थानीय सरकारबाट प्राप्त आम्दानी (२०७३/०७४)

| क्र.सं | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | जिल्ला विकास समिति | - | - | - |
| २. | नगरपालिका | २००००० | २००००० | - |
| ३. | गाउँ विकास समिति | - | - | १७०००० |
| | जम्मा | २००००० | २००००० | १७०००० |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा स्थानीय सरकारबाट प्राप्त आम्दानी विवरण राखिएको छ। उक्त विद्यालयमध्ये सरस्वती माध्यमिक विद्यालय र देवी माध्यमिक विद्यालयलाई समान २००००० रकम नगरपालिकाले अनुदान दिएको पाइन्छ भने दशरथ चन्द माध्यमिक विद्यालयलाई गा.वि.स.बाट रु. १७०००० रकम सहयोग गरेको पाइन्छ।

माथिका तालिकाहरूबाट समग्र हेर्दा विद्यालयहरूमा स्थानीय सरकारले कम मात्रामा लगानी गरेको पाइयो । जि.वि.स.को लगानी हेर्दा एउटा विद्यालयलाई मात्र कम रकम लगानी गरेको पाइन्छ भने गा.वि.स. र नगरपालिकाले थोरै थोरै रकम वर्ष बिराएर निकासा गरेको पाइयो ।

यस सन्दर्भमा सरोकारवालालाई प्रश्न गर्दा जि.वि.स.मा लगानी गर्ने रकम नै नभएको भन्ने उत्तर पाइयो । अध्ययन क्षेत्रका ३ वटै विद्यालयमा जि.वि.स., नगरपालिका र गा.वि.सले थोरै थोरै रकम लगानी गरेको देखियो । विद्यालयलाई स्थानीय सरकारले गरेको थोरै लगानी भए पनि यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

तालिका ४.१७ : देवी मा.वि को विगत ४ वर्षको आयस्रोत

| क.सं. | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १. | सरकारी अनुदान | ५३५०९३७८.३० | |
| २. | अभिभावकबाट शुल्क | ५०५७०६० | |
| ३. | विद्यालयको निजी स्रोत | २५९८०२९.५ | |
| ४. | स्थानीय सरकारबाट | ४३३६५० | |
| ५. | अन्यबाट | - | |
| | जम्मा | ६१५९८११७.८ | |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययन क्षेत्रको चार वर्षको आयस्रोतलाई हेर्दा देवी उ.माध्यमिक विद्यालयको आम्दानीको अवस्था विश्लेषण गर्दा सरकारी आय सबैभन्दा बढी रहेको पाइयो भने अभिभावक शुल्क, विद्यालयको निजी आम्दानी र स्थानीय सरकारको सहयोग क्रमशः घट्दै गएको देखियो ।

तालिका ४.१८ : सरस्वती मा.वि को विगत ४ वर्षको आयस्रोत

| क्र.सं. | शीर्षक | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | सरकारी अनुदान | २३४३८८१७.४ | | |
| २. | अभिभावकबाट शूल्क | २५५०९६५ | | |
| ३. | विद्यालयको निजी स्रोत | १०४२४४.१८ | | |
| ४. | स्थानीय सरकारबाट | ४२०००० | | |
| ५. | अन्यबाट | - | | |
| | जम्मा | २६५१४०२६.५८ | | |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययन क्षेत्रको चार वर्षको आयस्रोतलाई हेर्दा सरस्वती माध्यमिक विद्यालयको आम्दानीको अवस्था विश्लेषण गर्दा सरकारी आय सबैभन्दा बढी रहेको पाइयो भने अभिभावक शुल्क, विद्यालयको निजी आम्दानीभन्दा र स्थानीय सरकारको सहयोग केही बढी देखिन्छ ।

तालिका ४.१९ : सहिद दशरथ चन्द मा.वि को विगत ४ वर्षको आयस्रोत

| क्र.सं. | शीर्षक | रकम |
|---|---|---|
| १. | सरकारी अनुदान | ३६३५३६४६.७ |
| २. | अभिभावकबाट शूल्क | २७९६८१२ |
| ३. | विद्यालयको निजी स्रोत | ५७५०९३.४ |
| ४. | स्थानीय सरकारबाट | ३९१४०० |
| ५. | अन्यबाट | - |
| | जम्मा | ४०११६९५२.१ |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययन क्षेत्रको तीन वर्षको आयस्रोतलाई हेर्दा सहिद दशरथ चन्द उ.माध्यमिक विद्यालयको आम्दानीको अवस्था विश्लेषण गर्दा सरकारी आय सबैभन्दा बढी रहेको पाइयो भने अभिभावक शुल्क, विद्यालयको निजी आम्दानी र स्थानीय सरकारको सहयोग केही बढी पाइयो ।


तालिका ४.२० : एकीकृत आम्दानी विवरण

| क्र.सं. | शीर्षक | श्री देवी मा.वि | श्री सरस्वती मा.वि | श्री सहिद दशरथ चन्द मा.वि |
|---|---|---|---|---|
| १. | सरकारी अनुदान | ५३५०९३७८.३० | २३४३८८१७.४ | ३६३५३६४६.७ |
| २. | अभिभावक शुल्क | ५०५७०६० | २५५०९६५ | २७९६८१२ |
| ३. | विद्यालयको निजी स्रोत | २५९८०२९.५ | १०४२४४.१८ | ५७५०९३.४ |
| ४. | स्थानीय सरकार | ४३३६५० | ४२०००० | ३९१४०० |
| ५. | अन्य | - | - | - |
| | जम्मा | ६१५९८११७.८ | २६५१४०२६.५८ | ४०११६९५२.१ |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययन क्षेत्रको तीनवटै विद्यालयको आर्थिक क्षेत्रलाई हेर्दा सबैभन्दा बढी देवी माध्यमिक विद्यालयको रकम देखियो भने सहिद दशरथ चन्द माध्यमिक विद्यालयको देवी माध्यमिक विद्यालयको तुलनामा केही कम देखियो भने सरस्वती माध्यमिक विद्यालयको सबैभन्दा कम रकम देखियो । यसरी हेर्दा विद्यालयका शिक्षक, विद्यार्थी सङ्ख्याका आधारमा रकम बढीदेखि कम हुँदै गएको पाइयो ।

चित्र ४.१ : एकीकृत आम्दानी विवरण




माथिको स्तम्भ चित्रमा यस अध्ययन क्षेत्रको तीनवटै विद्यालयको आर्थिक क्षेत्रलाई हेर्दा सबैभन्दा बढी देवी माध्यमिक विद्यालयको रकम देखियो भने सहिद दशरथ चन्द

माध्यमिक विद्यालयको देवी माध्यमिक विद्यालयको तुलनामा केही कम देखियो भने सरस्वती माध्यमिक विद्यालयको सबैभन्दा कम रकम देखियो । यसरी हेर्दा विद्यालयका शिक्षक, विद्यार्थी सङ्ख्याका आधारमा रकम बढी देखि कम हुदै गएको पाइयो ।

## ४.१.२ खर्च विश्लेषण

विद्यालयले शिक्षाको निर्दिष्ट उद्देश्यहरू पूरा गर्न विभिन्न स्रोतहरूबाट प्राप्त आम्दानीलाई व्यवस्थित तबरले खर्च गर्नु आवश्यक हुन्छ । विद्यालयको आवश्यकता अनुरूप विभिन्न शैक्षिक क्रियाकलापमा के कति खर्च गर्ने भन्ने बारेमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक बीच सहकार्य गर्दा बढी उद्देश्य केन्द्रित भई अपेक्षित उपलब्धि हासिल हुन सक्दछ । अध्ययन क्षेत्रका तीन वटा विद्यालयहरूले चार वटै आर्थिक वर्षमा के कति खर्च गरेका छन् भन्ने कुरालाई तल तालिकाबाट स्पष्ट पारिएको छ :

तालिका ४.२१ : देवी माध्यमिक विद्यालय को ४ आर्थिक वर्षको खर्च विवरण

| क.सं. | शीर्षक | ०७१/७२ | ०७०/७१ | ०७२/७३ | ०७३/७४ |
|---|---|---|---|---|---|
| १. | तलब भत्ता | ९९५५३१९ | १११९४२७७ | १०९६०४८५ | १२८९४३६० |
| २. | पाठ्यपुस्तक | ४९८०४० | ६६९७०० | ८६६६०० | ६७८०१५ |
| ३. | निर्माण तथा मर्मत | ६८२६१५ | ९८९५५७ | २६२०८५२ | १५८६०० |
| ४. | छात्रवृत्ति | ३९६९०० | २९७१०० | ३३६५०० | ४६०२२० |
| ५. | कम्प्युटर | १४०००० | - | २३८५४५ | ६०००० |
| ६. | शैक्षिक सामग्री | २१२३७५ | १८७८१४ | ९१५०३८ | ३३८६०० |
| ७. | मसलन्द | ८२६९० | २६८९०१ | ३४९३३ | ३६५४० |
| ८. | खेलकुद | २०४८७० | १८१२० | ११९७५८ | १२६३२० |
| ९. | परीक्षा | ३५८७६५ | १७४३९० | ३०६४५० | ३१८६०० |
| १०. | खानेपानी टेलिफोन बिजुली | ५८१५७ | ३३९९२ | ३७२० | ४३६२० |
| ११. | विविध | १०३९५ | ६७५८ | २४१३६ | २७८०० |
| १२. | शैक्षिक भ्रमण | ५०००० | ५०००० | २९१८०५ | ३२५००० |
|  | जम्मा | १२६५०१२६ | १३८९०६०९ | १६७१८८२२ | १५४६७६७५ |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकालाई हेर्दा देवी माध्यमिक विद्यालयका. विवरण विभिन्न शीर्षकमा रकम खर्च गरेको पाइयो । जति खर्च हुन्छ त्यसको सबैभन्दा बढी खर्च शिक्षक तलब भत्तामा खर्च हुन्छ । त्यसैगरी क्रमशः मर्मत तथा निर्माण, पाठ्यक्रम, छात्रवृत्ति, कम्प्युटर, शैक्षिक भ्रमण जस्ता शीर्षकमा खर्च भएको देखिन्छ । यसबाट स्पष्ट हुन्छ कि विद्यालयको खर्च सबैभन्दा बढी तलब भत्तामा हुने गरेको पाइयो भने शैक्षिक गुणस्तरमा खासै प्रभाव पारेको देखिँदैन । विद्यालयमा ठुलो रकम तलब भत्तामा खर्च हुने भएकाले अन्य क्षेत्र खर्चको अभावमा पछि परेको देखिन्छ ।

तालिका ४.२२ : सरस्वती माध्यमिक विद्यालय को ४ आर्थिक वर्षको खर्च विवरण

| क.सं. | शीर्षक | ०७१/७२ | ०७०/७१ | ०७२/७३ | ०७३/७४ |
|---|---|---|---|---|---|
| १. | तलब भत्ता | ५५२४४३० | ३९२५४६८ | ४१६५२९१ | ४०६८३९० |
| २. | पाठ्यपुस्तक | २४२१६० | १७६५३५ | १५२२९० | १५२२२९ |
| ३. | निर्माण तथा मर्मत | ३१२२७ | ५३६१४ | ३११२२९४ | १८५०६८२ |
| ४. | छात्रवृत्ति | १५०८०० | ११२०१५० | १३०७०० | १३०७०० |
| ५. | कम्प्युटर | १४०००० | - | २६५९७ | - |
| ६. | शैक्षिक सामग्री | १२१३० | १८४५० | १०५५० | १५६२० |
| ७. | मसलन्द | ४२२१० | ४७३९८ | ३९५२३ | ४२६२० |
| ८. | खेलकुद | ४२००० | ३३४८५ | ३४८९०५ | ३०४६० |
| ९. | खानेपानी, टेलिफोन, बिजुली | ३३८०० | ४४४०८ | ६७८२७ | ६३६४० |
| १०. | परीक्षा | ४५९४० | ७७४९१ | ७६८७२ | ७७३२० |
| ११. | विविध | १३८८८ | १४८५० | ८१०५ | ९६१५ |
| १२. | शैक्षिक भ्रमण | १९८५४ | १००००० | १७९००० | १८०००० |
| | जम्मा | ६२९८४३९ | ५६११८४९ | ८३१७९५४ | ६६२१२७६ |

स्रोत : विद्यालयको अभिलेख

यस सरस्वती माध्यमिक विद्यालयमा विभिन्न शीर्षकमा खर्च गरेको पाइयो । यस विद्यालयमा पनि सबैभन्दा बढी शिक्षक तलब भत्तामा खर्च भएको पाइयो । त्यसैगरी क्रमशः विद्यालयको निर्माण तथा मर्मत, पाठ्यक्रम, छात्रवृत्ति, कम्प्युटर व्यवस्थापन, शैक्षिक सामग्री खरिद, खानेपानी, टेलिफोन, बिजुली तथा शैक्षिक भ्रमणमा खर्च भएको देखिन्छ । यस वर्ष पनि विद्यालयको ठुलो रकम शिक्षक तलबभत्ता तथा निर्माण ता मर्मतमा खर्च भएको देखिन्छ भने शैक्षिक गुणस्तर वृद्धि गर्न थोरै रकम विभाजन गरेको देखिन्छ ।

तालिका ४.२३ : सहिद दशरथ चन्द माध्यमिक विद्यालय को ४ आर्थिक वर्षको खर्च विवरण

| क.सं. | शीर्षक | ०७०/७१ | ०७१/७२ | ०७२/०७३ | ०७३/०७४ |
|---|---|---|---|---|---|
| १. | तलब भत्ता | ५५२४४३० | ६६१६४७४ | ६६३१३०९ | ९७१३६७७ |
| २. | पाठ्यक्रम | २४२१६० | २८१०९० | २१२१८५ | ४१२७४२ |
| ३. | निर्माण तथा मर्मत | २४८३०८ | - | १७२६३६२ | २२१९१२९ |
| ४. | छात्रवृत्ति | १५०८०० | १२०१५० | १४२५२५ | ५३१९०० |
| ५. | कम्प्युटर | १४०००० | - | - | - |
| ६. | शैक्षिक सामग्री | १७२२२ | ३४९८० | १०२०५ | ९०० |
| ७. | मसलन्द तथा छपाइ | - | ४०३६९ | ५३३०० | ७९४७५ |
| ८. | खेलकुद | २६४८८ | ३५२९६ | ९०७२१ | १२००० |
| ९. | परीक्षा | १३६५८६ | १५८४९७ | १६४३४५ | २७०५६१ |
| १०. | खानेपानी | - | - | - | - |
| ११. | टेलिफोन | ५९५० | ३७०६ | ४७४० | २९९९ |
| १२. | बिजुली | १११५८ | २२२० | ३०३६२ | ६९९४ |
| १३. | विविध | २८९३० | १८८९१ | ३२५४६ | १९५२७ |
| १४. | शैक्षिक भ्रमण | ५००० | ५००० | ५००० | - |
| | जम्मा | ६५३७०३२ | ७३१६६७३ | ९१०३६०० | १३२६९९०४ |

स्रोत : विद्यालयको अभिलेख

यस श्री सहिद दशरथ उ.माध्यमिक विद्यालयमा विभिन्न शीर्षकमा खर्च गरेको पाइयो । जति खर्च हुन्छ त्यसमा सबैभन्दा बढी शिक्षक तलबभत्तामा खर्च भएको पाइएको छ । त्यसैगरी निर्माण तथा मर्मत, छात्रवृत्ति, शैक्षिक सामग्री, खेलकुद, परीक्षा सञ्चालन, टेलिफोन, बिजुली तथा शैक्षिक भ्रमण बापत खर्च गरेको पाइयो । यस कारण निर्माण तथा मर्मतमा खर्च हुने भएकाले गर्दा शैक्षिक क्षेत्रमा खासै प्रभाव परेको देखिँदैन । विद्यालयको ठुलो रकम शिक्षक तलबभत्तामा खर्च हुने भएकाले अन्य आवश्यक क्षेत्रमा खर्च सधैँ अभाव हुने गर्दछ ।


तालिका ४.२४ : एकीकृत खर्च विवरण

| आ.व. | देवी माध्यमिक विद्यालय | सरस्वती माध्यमिक विद्यालय | दशरथ चन्द माध्यमिक विद्यालय |
|---|---|---|---|
| २०७०/०७१ | १३८९०६०९ | ५६११८४९ | ७३१६६७३ |
| २०७१/०७२ | १२६५०१२६ | ६२९८४३९ | ६५३७०३२ |
| २०७२/०७३ | १६७१८८२२ | ८३१७९५४ | ९१०३६०० |
| २०७३/०७४ | १५४६७६७५ | ६६२१२७६ | १३२६९९०४ |
| जम्मा | ५८७२७२३२ | २६८४९५१८ | ३६२२७२०९ |

स्रोत : विद्यालय अभिलेख

माथिको तालिकामा अध्ययन क्षेत्रमा परेका ३ वटा विद्यालयको ४ आर्थिक वर्षको एकिकृत खर्च विवरण देखाइएको छ । ३ विद्यालयमध्ये सबैभन्दा बढी खर्च देवी माध्यमिक विद्यालयले र सबैभन्दा कम खर्च सरस्वती माध्यमिक विद्यालयले गरेको पाइन्छ ।

चित्र २ : एकीकृत खर्च विवरण



स्तम्भ चित्रमा तीनवटा विद्यालयको चार आर्थिक वर्षको एकिकृत खर्च विवरण राखिएको छ। अध्ययन क्षेत्रमा परेका ३ वटा विद्यालयको ४ आर्थिक वर्षको खर्च विवरण अध्ययन गर्दा सबैभन्दा बढी देवी माध्यमिक विद्यालय र सबैभन्दा कम सरस्वती माध्यमिक विद्यालयले खर्च गरेको पाइन्छ। खर्च र आम्दानीलाई हेर्दा सरस्वती माध्यमिक विद्यालयलाई आम्दानीको स्रोतले नपुगेको देखिन्छ। शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा लगानी गर्ने सरकारी नीतिले अधिकांश प्रस्तावित माध्यमिक विद्यालय आर्थिक समस्यामा परेको अध्ययनबाट थाहा पाउन सकिन्छ।

## खर्चको तुलनात्मक अवस्था

यस अध्ययन क्षेत्रमा परेका तीनवटै विद्यालयहरूको खर्च विवरणलाई अध्ययन गर्दा श्री देवी माध्यमिक विद्यालय सबैभन्दा बढी पाइयो भने सहिद दसरथ चन्द उ.माध्यमिक विद्यालयको त्यसको तुलनामा केही कम पाइयो। त्यसैगरी सरस्वती माध्यमिक विद्यालयको सबैभन्दा कम पाइयो। तीनवटै विद्यालयमा तलब भत्ता भन्दा कम भौतिक निर्माण तथा मर्मतमा खर्च भएको देखियो। तीनवटै विद्यालयमा शैक्षिक सामग्री, मसलन्द, खेलकुद, परीक्षा, टेलिफोन, बिजुली जस्ता शीर्षकमा कम खर्च भएको पाइयो। माथि उल्लेखित तीनवटै विद्यालयहरू सरकारी विद्यालय भएको हुनाले पनि आम्दानी तथा खर्चको विवरण समान खालको पाइन्छ।

## अभिभावकको वार्षिक शैक्षिक खर्च

अभिभावक शिक्षा क्षेत्रको प्रमुख सरोकारको पक्ष हो। आफ्नो सन्तानलाई गुणस्तरीय शिक्षा प्रदान गर्न अभिभावकको महत्वपूर्ण योगदान हुन्छ। शिक्षामा सरकारले मात्र दायित्व लिएर पुग्दैन। अभिभावक जति चेतनशील हुन्छ, उसले आफ्ना बालबालिकाका लागि त्यति नै बढी लगानी गर्दछ। तर हाम्रो सामुदायिक विद्यालयमा अभिभावकले ज्यादै न्युन लगानी गरेको पाइन्छ। सामुदायिक विद्यालयमा शिक्षामा अभिभावकले मूलतः दुई किसिमले खर्च गरेको पाइन्छ। शुल्कसँग सम्बन्धित खर्च विद्यालयको खर्चसँग जोडिएर आउँछ।

### ४.१.३ विद्यालयको आयस्रोत बढाउने उपायहरू

विद्यालयमा गुणात्मक शिक्षाको विकास गर्नका लागि आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ। तसर्थ आयस्रोत बढाउनका लागि प्रत्येक वर्ष देउसी खेलाउने, सम्भव भएमा पुराण लगाउने तथा शिक्षक दरबन्दीको व्यवस्था गरी निजी स्रोतमा कार्यरत शिक्षक हटाउने, अक्षयकोषको व्यवस्था गर्ने, अझ बढी आर्थिक पारदर्शिता कायम गरी खर्चमा कटौती गर्ने कार्यमा प्राथमिकता दिने, चन्दादातालाई आकर्षित गर्न शिलालेख, सम्मानपत्रको व्यवस्था गरी आयस्रोत बढाउने आदि उपाय अपनाउन सकिन्छ। शिक्षक विद्यार्थी प्रधानाध्यापक, व्यवस्थापन समिति र अभिभावकसँग गरिएका प्रश्नबाट आयस्रोत बढाउनका लागि क्रमशः आर्थिक पारदर्शिता हुनुपर्ने, चन्दा उठाउनुपर्ने, शिक्षक दरबन्दी मिलान गर्ने राष्ट्रिय नीति हुनुपर्ने, खर्च कटौती गर्नुपर्ने र अक्षयकोषको व्यवस्था गर्नुपर्ने जस्ता उत्तर पाइयो।

## ४.२ आर्थिक व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

आर्थिक व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई निम्नअनुसार विश्लेषण गरिएको छ :

### ४.२.१ विद्यार्थी विवरण

यस अध्ययनबाट तीनवटा माध्यमिक विद्यालयहरूको ४ वर्षको कक्षा १० को अलग अलग विद्यार्थी भर्ना, कक्षा छोड्ने दर के कति छ त्यसलाई स्पष्ट पार्ने प्रयास गरिएको छ।

तालिका ४.२५ : देवी माध्यमिक विद्यालयको विद्यार्थी विवरण (कक्षा १०)

| शैक्षिक वर्ष | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छोड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०७० | ६४ | ५९ | १२३ | - | - | - | ३ | १७ | २० |
| २०७१ | ५८ | २८ | ८६ | - | - | - | - | २ | २ |
| २०७२ | ८४ | ३२ | ११६ | - | - | - | - | - | - |
| २०७३ | ८५ | ६८ | १५३ | - | - | - | २ | १ | ३ |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययनमा परेका तीनवटै विद्यालयमध्ये देवी माध्यमिक विद्यालयमा कक्षा १० मा भर्ना भएका कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दरलाई देखाइएको छ। देवी माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७० सालमा कक्षा १० मा जम्मा १२३ जना विद्यार्थी भर्ना भएको देखिन्छ। जसमध्ये छात्रा ६४ र छात्र ५९ भएको देखिन्छ। यस वर्ष कक्षा दोहोऱ्याउने विद्यार्थी विद्यालयको अभिलेख अनुसार नभएको पाइयो। यस वर्ष कक्षा छोड्ने विद्यार्थी जम्मा २० जना छन् जसमा छात्रा ३ जना र छात्र १७ जना रहेको पाइयो। त्यसैगरी २०७१ सालमा कक्षा १० मा विद्यार्थी भर्ना ८६ जना रहेको पाइयो भने छात्रा ५८ र छात्र २८ जना रहेको पाइयो। जसमा पछि भएर कक्षा छोड्ने छात्र २ जना मात्र रहेको पाइयो भने २०७२ मा आएर कक्षा १० मा भर्ना ११६ जना देखिन्छ भने छात्रा ८४ र छात्र ३२ भएको देखिन्छ। शैक्षिक सत्र २०७३ मा १५३ जना विद्यार्थी भर्ना भएकोमा कक्षा छोड्ने विद्यार्थी ३ जना रहेको पाइन्छ। समग्रमा हेर्दा छात्राको सङ्ख्या उच्च रहेको देखिन्छ। यस देवी उ.माध्यमिक विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या शून्य देखिन्छ किनकि ७५ प्रतिशत विद्यार्थी कक्षामा उपस्थित भएपछि स्वतः एस.एल.सी.मा सामेल हुन पाउने भएकाले सबै विद्यार्थी कक्षा छोड्ने बाहेक उपस्थित हुने भएकाले कक्षा दोहोऱ्याउने सङ्ख्या न्यून भएको पाइयो।

तालिका ४.२६ : सरस्वती मा.वि विद्यार्थी विवरण (कक्षा १०)

| शैक्षिक वर्ष | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छोड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७० | २१ | २६ | ४७ | - | - | - | ३ | ६ | ९ |
| २०७१ | २१ | २७ | ४८ | - | - | - | १ | ७ | ८ |
| २०७२ | १७ | २५ | ४२ | - | - | - | १ | १ | २ |
| २०७३ | ३० | १९ | ४९ | - | - | - | २ | १ | ३ |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययनमा परेका तीनवटै विद्यालयमध्ये सरस्वती माध्यमिक विद्यालयमा कक्षा १० मा भर्ना भएका कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दरलाई देखाइएको छ। सरस्वती माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७० सालमा कक्षा १० मा जम्मा ४७ जना विद्यार्थी भर्ना भएको देखिन्छ। जसमध्ये छात्रा २६ र छात्र २१ भएको देखिन्छ। यस वर्ष कक्षा दोहोऱ्याउने विद्यार्थी विद्यालयको अभिलेख अनुसार नभएको पाइयो। यस वर्ष कक्षा छोड्ने विद्यार्थी जम्मा ९ जना छन् जसमा छात्रा ३ जना र छात्र ६ जना रहेको पाइयो। त्यसैगरी २०७१ सालमा कक्षा १० मा विद्यार्थी भर्ना ४८ जना रहेको पाइयो भने छात्रा २७ र छात्र २१ जना रहेको पाइयो। जसमा पछि भएर कक्षा छोड्ने छात्रा ७ जना र छात्र १ रहेको पाइयो भने २०७२ मा आएर कक्षा १० मा भर्ना ४२ जना देखिन्छ जसमा छात्रा २५ र छात्र १७ भएको देखिन्छ भने कक्षा छोड्ने छात्रा १ र छात्र १ भएको देखिन्छ। शैक्षिक सत्र २०७३ मा ४९ विद्यार्थी भर्ना भएको र ३ विद्यार्थीले कक्षा छोडेको पाइनछ। समग्रमा हेर्दा छात्राको सङ्ख्या उच्च रहेको देखिन्छ। यस सरस्वती माध्यमिक विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या शून्य देखिन्छ किनकि ७५ प्रतिशत विद्यार्थी कक्षामा उपस्थित भएपछि स्वतः एस.एल.सी.मा सामेल हुन पाउने भएकाले सबै विद्यार्थी कक्षा छोड्ने बाहेक उपस्थित हुने भएकाले कक्षा दोहोऱ्याउने सङ्ख्या न्यून भएको पाइयो।

तालिका ४.२७ : सहिद सहिद दशरथ चन्द माध्यमिक विद्यालय विद्यार्थी विवरण (कक्षा १०)

| शैक्षिक वर्ष | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छोड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७० | ३५ | २२ | ५७ | - | - | - | - | - | - |
| २०७१ | ३७ | ४३ | ८० | - | - | - | १६ | ८ | २४ |
| २०७२ | ४५ | ५९ | १०४ | - | - | - | ५ | २ | ७ |
| २०७३ | ५५ | ३० | ८५ | - | - | - | १ | २ | ३ |

स्रोत : विद्यालयको अभिलेख

यस अध्ययनमा परेका तीनवटै विद्यालयमध्ये सहिद दशरथ चन्द माध्यमिक विद्यालयमा कक्षा १० मा भर्ना भएका कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दरलाई देखाइएको छ। सहिद दशरथ चन्द माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७० सालमा कक्षा १० मा जम्मा ५७ जना विद्यार्थी भर्ना भएको देखिन्छ। जसमध्ये छात्रा २२ र छात्र ३५ भएको देखिन्छ। यस वर्ष कक्षा दोहोऱ्याउने विद्यार्थी विद्यालयको अभिलेख अनुसार नभएको पाइयो। यस वर्ष कक्षा छोड्ने विद्यार्थी शून्य रहेको पाइयो। त्यसैगरी २०७१ सालमा कक्षा १० मा विद्यार्थी भर्ना ८० जना रहेको पाइयो भने छात्रा ४३ र छात्र ३७ जना रहेको पाइयो। जसमा कक्षा छोड्ने छात्रा ८ जना र छात्र १६ गरी २४ जना रहेको पाइयो। यस वर्ष कक्षा छोड्ने विद्यार्थी सङ्ख्या उच्च रहेको पाइयो। २०७२ मा आएर कक्षा १० मा भर्ना १०४ जना देखिन्छ जसमा छात्रा ५९ र छात्र ४५ भएको देखिन्छ भने कक्षा छोड्ने छात्रा २ र छात्र ५ भएको देखिन्छ। शैक्षिक सत्र २०७३ मा जम्मा ८५ विद्यार्थी भर्ना भएकोमा ३ विद्यार्थीले कक्षा छोडेको पाइन्छ। समग्रमा हेर्दा छात्राको सङ्ख्या उच्च रहेको देखिन्छ। यस सहिद दशरथ उ.माध्यमिक विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या शून्य देखिन्छ किनकि ७५ प्रतिशत विद्यार्थी कक्षामा उपस्थित भएपछि स्वतः एस.एल.सी.मा सामेल हुन पाउने भएकाले सबै विद्यार्थी कक्षा छोड्ने बाहेक उपस्थित हुने भएकाले कक्षा दोहोऱ्याउने सङ्ख्या न्यून भएको पाइयो।

तालिका ४.२८ : एस.एल.सी. नतिजा विश्लेषण देवी माध्यमिक विद्यालय

| शैक्षिक वर्ष | विद्यार्थी सङ्ख्या | | | | | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सामेल | | | उत्तीर्ण | | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| २०७० | ६१ | ४२ | १०३ | २१ | २१ | ४२ | ४०.७७ |
| २०७१ | ५८ | २६ | ८४ | १८ | १२ | ३० | ३५.७१ |
| २०७२ | ८२ | ३२ | ११४ | ८२ | ३२ | ११४ | GPA २.१२७ |
| २०७३ | ८३ | ६७ | १५० | ८३ | ६७ | १५० | GPA 2.05 |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा अध्ययन क्षेत्रमा माध्यमिक विद्यालयहरूको तीन शैक्षिक वर्षको एस.एल.सी. नतिजा विश्लेषण गर्दा देवी उ.माध्यमिक विद्यालयको शैक्षिक सत्र २०७० को नतिजा ४०.७७ प्रतिशत, २०७१ मा ३५.७१ र २०७२ र २०७३ मा ग्रेड पद्धति आएको हुँदा सबै विद्यार्थीलाई एस.एल.सी.मा सहभागी गराई ग्रेड पद्धति अनुसार परीक्षा फल प्रकाशित रहेको हुँदा त्यस परीक्षा फललाई ग्रेडिङको आधारमा GPA मा परीक्षा फल प्रकाशित भएको हुँदा यस विद्यालयको GPA २.१२७ रहेको देखिन्छ। जसलाई ग्रेडमा हेर्दा $C^+$ परीक्षा फल हो। यी परीक्षा फल औसत अङ्कमा हेर्दा ५० देखि ५९ अङ्कसम्म देखिन्छ। यसलाई सन्तोषजनक परीक्षाफल मान्न सकिँदैन।

तालिका ४.२९ : एस.एल.सी. नतिजा विश्लेषण सरस्वती माध्यमिक विद्यालय

| शैक्षिक वर्ष | विद्यार्थी सङ्ख्या | | | | | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सामेल | | | उत्तीर्ण | | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| २०७० | २४ | १४ | ३८ | ५ | ६ | ११ | २८.९४ |
| २०७१ | २२ | २० | ४२ | ५ | ७ | १२ | २८.५७ |
| २०७२ | २४ | १६ | ४० | २४ | १६ | ४० | GPA २.०४ |
| २०७३ | २८ | १८ | ४६ | २८ | १८ | ४६ | GPA 2.10 |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा सरस्वती माध्यमिक विद्यालयको शैक्षिक वर्ष २०७० मा २८.९४, २०७१ मा २८.५७, २०७२ र २०७३ मा ग्रेड पद्धति आएको हुँदा सबै विद्यार्थीलाई एस.एल.सी.मा सहभागी गराई ग्रेड पद्धति अनुसार परीक्षा फल प्रकाशित रहेको हुँदा त्यस परीक्षा फललाई ग्रेडिङको आधारमा GPA मा परीक्षा फल प्रकाशित भएको हुँदा यस विद्यालयको GPA २.०१ रहेको देखिन्छ। जसलाई ग्रेडमा हेर्दा $C^+$ परीक्षा फल हो। यी परीक्षा फल औसत अङ्कमा हेर्दा ५० देखि ५९ अङ्कसम्म देखिन्छ। यसलाई सन्तोषजनक परीक्षाफल मान्न सकिँदैन।

तालिका ४.३० : एस.एल.सी. नतिजा विश्लेषण सहिद दशरथ चन्द मा.वि

| शैक्षिक वर्ष | विद्यार्थी सङ्ख्या | | | | | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सामेल | | | उत्तीर्ण | | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| २०७० | २२ | ३५ | ५७ | ३ | ५ | ८ | १४ |
| २०७१ | ३५ | २१ | ५६ | १७ | १४ | ३१ | २८.५७ |
| २०७२ | ५७ | ४० | ९७ | ५७ | ४० | ९७ | GPA २.०१ |
| २०७३ | ५४ | २८ | ८२ | ५४ | २८ | ८२ | GPA 2.05 |

स्रोत : विद्यालयको अभिलेख

माथिको तालिकामा अध्ययन क्षेत्रमा माध्यमिक विद्यालयहरूको तीन शैक्षिक वर्षको एस.एल.सी. नतिजा विश्लेषण गर्दा सहिद दशरथ उ.माध्यमिक विद्यालयको शैक्षिक सत्र २०७० को नतिजा १४ प्रतिशत, २०७१ मा ५५.३५, २०७२ र २०७३ मा ग्रेड पद्धति आएको हुँदा सबै विद्यार्थीलाई एस.एल.सी.मा सहभागी गराई ग्रेड पद्धति अनुसार परीक्षा फल प्रकाशित रहेको हुँदा त्यस परीक्षा फललाई ग्रेडिङको आधारमा GPA मा परीक्षा फल प्रकाशित भएको हुँदा यस विद्यालयको GPA २.०१० रहेको देखिन्छ। जसलाई ग्रेडमा हेर्दा $C^{+}$ परीक्षा फल हो। यी परीक्षा फल औसत अङ्कमा हेर्दा ५० देखि ५९ अङ्कसम्म देखिन्छ। यसलाई सन्तोषजनक परीक्षाफल मान्न सकिँदैन।

राष्ट्रिय नतिजालाई हेर्दा प्रत्येक वर्षको सामुदायिक माध्यमिक विद्यालयको नतिजा ज्यादै कमजोर देखिन्छ। सरकार र अभिभावकले गरेको शैक्षिक लगानीको प्रतिफल ज्यादै न्युन स्थितिमा देखिएको छ जसले गर्दा लाखौं विद्यार्थी र अभिभावक निराश भएका छन्। लाखौंलाख युवा शक्ति बेरोजगार भई विदेश पलायन भइरहेका छन्। यसले देशको आर्थिक विकासमा ठूलो समस्या र चुनौति खडा गरेको छ।

## ४.२.२ शैक्षिक खर्च र शैक्षिक उपलब्धि बीचको सम्बन्ध

यस अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूले विभिन्न आम्दानीका स्रोतबाट प्राप्त रकम मध्येबाट विभिन्न शीर्षकमा वार्षिक रूपमा खर्च गरेको देखिन्छ। विद्यालयको शैक्षिक उपलब्धि स्तरको अवस्थालाई तुलनात्मक अध्ययन गर्नु आवश्यक हुन्छ। यस शोध अध्ययनको मुख्य उदेश्य विद्यालयमा गरिने खर्चको आधारमा शैक्षिक उपलब्धिको अवस्था कस्तो रह्यो भनी लेखाजोखा गर्नु हो। प्रत्येक वर्ष विद्यालयमा शैक्षिक क्रियाकलापमा ठूलो सरकारी लगानी खर्च भइरहेको छ। उक्त लगानी अनुसार प्रतिफल प्राप्त गर्न के कस्तो शैक्षिक कार्यक्रममा खर्च गर्ने हो अर्थात् सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न के कस्तो योजना, नीति र कार्यक्रम आवश्यक पर्छ भन्ने बारेमा यो शोध अध्ययन केन्द्रित रहेको छ। अधिकांश विद्यार्थीले अतिरिक्त क्रियाकलापमा खर्च गर्नाले शैक्षिक गुणस्तर सुधार हुने बताए भने शिक्षकहरूले विद्यालयमा शिक्षकलाई सुविधासम्पन्न बनाउन सके शिक्षकको मनोबल बढ्न गई गुणस्तर सुधार हुने बताए, प्रधानाध्यापकले भौतिक सुधारसँग गुणस्तरको प्रत्यक्ष सम्बन्ध रहेको बताए। अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थीलाई आकर्षण गर्न खेलकुद सामग्री व्यवस्थापन तथा पुरस्कार वितरणले गुणस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्ने बताए।

विद्यालयको गुणस्तर सुधार गर्न के गर्नुपर्ला ? भनि सोधिएको प्रश्नमा विद्यार्थी, शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्राप्त जानकारीलाई तालिकामा देखाइएको छ।

तालिका ४.३१ : गुणस्तर सुधारमा सरोकारवालाको धारणा

| क्र.सं. | सरोकारवाला | प्रतिक्रिया |
|---|---|---|
| १. | विद्यार्थी | अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने,<br>कोचिङ कक्षा सञ्चालन गर्नुपर्ने,<br>शैक्षिक सामग्री खरिद गर्नुपर्ने,<br>शिक्षक नियमिततामा ध्यान दिनुपर्ने, |
| २. | अभिभावक | कोचिङ कक्षा सञ्चालन गर्नुपर्ने,<br>कमजोर विद्यार्थीलाई थप कक्षा सञ्चालन गर्नुपर्ने, |
| ३. | शिक्षक | शैक्षिक सामग्री निर्माण, प्रयोग र सङ्कलन गर्नुपर्ने,<br>अतिरिक्त कक्षा लिने शिक्षकलाई थप सुविधा दिनुपर्ने,<br>मागमा आधारित शिक्षक तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्नुपर्ने, |
| ४. | प्रधानाध्यापक | शिक्षकले तालिममा सिकेका ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग गर्नुपर्ने,<br>कक्षा शिक्षणको निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने,<br>विषयगत दरबन्दी मिलान गर्नुपर्ने, |
| ५. | विद्यालय व्यवस्थापन समिति अध्यक्ष | शिक्षक विद्यार्थी नियमिततामा प्रोत्साहन गर्नुपर्ने,<br>आर्थिक पारदर्शिता हुनुपर्ने,<br>अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्ने,<br>अङ्ग्रेजी माध्यममा पढाइ गर्नुपर्ने, |

माथिको तथ्याङ्कको आधारमा शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानीले ठूलो भूमिका खेलेको स्पष्ट देखिन्छ। अतिरिक्त क्रियाकलाप तथा पाठ्यान्तर क्रियाकलाप सञ्चालन गर्न, अतिरिक्त कक्षा सञ्चालन गर्न, शिक्षकलाई अध्यावधिक बनाइराख्न, तालिम तथा गोष्ठी सञ्चालन गर्न, शैक्षिक सामग्री निर्माण एवम् प्रयोग गर्न, भौतिक सुधार गर्न पूँजीको आवश्यक पर्छ। विद्यालयले माथि उल्लेखित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेको खण्डमा शैक्षिक गुणस्तर सुधार क्रमिक रूपमा हुने देखिन्छ।

## ४.३ विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू

यस अध्ययन क्षेत्रका विद्यालयको शैक्षिक स्थितिको मूल्याङ्कन गर्दा न्युन अवस्था देखिन्छ । एस.एल.सी. परीक्षाको नतिजा विश्लेषण गर्दा सबै विद्यालयले ५० देखि ५९ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको अवस्था छ । विद्यालयमा प्राप्त सरकारी अनुदान निजी स्रोत र स्थानीय सरकारबाट आय आम्दानी विद्यालयको शिक्षाको गुणस्तर वृद्धि गर्ने कार्यक्रममा खर्च नगरेको देखिन्छ । विद्यालयको सरकारी अनुदानभन्दा अन्य आयस्रोतको स्थिति ज्यादै कमजोर देखिन्छ । सरकारी अनुदानको रकम शिक्षक तलब भत्ता र भौतिक संरचना निर्माणमा मात्र खर्च सीमित भएको पाइन्छ । शैक्षिक गुणस्तरमा आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयले के कस्ता कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्दछन् भनी सम्बन्धित विद्यालयमा गई शिक्षक, विद्यार्थी, प्रअसँग प्रत्यक्ष अन्तर्क्रिया गरेर वस्तुगत तथ्याङ्क लिने प्रयास गरिएको छ । स्थलगत सर्वेक्षणबाट प्राप्त जानकारीहरूलाई तल निम्नलिखित उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ अतिरिक्त (ट्युसन तथा कोचिङ) कक्षाको व्यवस्था

अध्ययन क्षेत्रका विद्यालयमा गई स्थलगत सर्वेक्षण गर्दा उक्त विद्यालयहरूले मावि तहका विद्यार्थीहरूलाई एस.एल.सी. परीक्षा तयारीका लागि कोचिङ कक्षा वा ट्युसनको व्यवस्था गरेको देखिए पनि त्यति प्रभावकारी देखिएन । भौगोलिक विकटताका कारण विद्यालयमा अतिरिक्त कक्षा पढ्न विद्यार्थीलाई विद्यालय टाढा भएको, कोठा लिएर बस्न, आर्थिक समस्या भएको, ट्युसन फि तिर्ने पैसा अभाव भएको आदि कारणले सबै विद्यार्थीहरूले ट्युसन कक्षा लिन नसकेको देखियो । विद्यालयको नियमित कक्षा र अतिरिक्त कक्षाको पढाउने समय तालमेल हुन नसक्दा टाढाबाट विद्यालय आउने विद्यार्थीलाई समस्या भएको पाइयो । यसका लागि विद्यालयले पनि भवनको अभावले गर्दा विद्यार्थीलाई कोठा उपलब्ध गराउने अवस्था पनि देखिएन जसले गर्दा थोरै विद्यार्थीहरूले मात्र अतिरिक्त कक्षा पढेको अवस्था पाइयो ।

### ४.३.२ अतिरिक्त क्रियाकलापहरू

विद्यार्थीहरूको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नु आवश्यक हुन्छ। अध्ययन क्षेत्रका विद्यालयको सर्वेक्षण गर्दा सम्बन्धित विद्यालयले अतिरिक्त क्रियाकलापहरू गर्ने गरेको पाइए पनि विद्यार्थीहरूको उल्लेखनीय सहभागिता देखिएन। अतिरिक्त क्रियाकलापभित्र पनि विशेष गरी खेलकुद र सांस्कृतिक कार्यक्रममा बढी जोडिएको तर विद्यार्थीहरूको बौद्धिक क्षमता वृद्धि गर्ने खालका हाजिरीजवाफ वक्तृत्वकला, वादविवाद, साहित्यिक कार्यक्रमहरू अलि कम मात्रामा गरेको पाइयो जसमा मन्द क्षमताका विद्यार्थीहरूले भाग लिन नरुचाएको देखियो। शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूका सहभागितामूलक विभिन्न किसिमका कार्यहरू गर्न सकिने हुँदा सम्बन्धित विद्यालयले चासो लिनु आवश्यक हुन्छ।

### ४.३.३ शिक्षक तालिम, सेमिनार र गोष्ठी

तालिमको हकमा अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरू प्रायः तालिम प्राप्त र योग्य देखिएको छ। प्रत्येक वर्ष शैक्षिक तालिम केन्द्रले शिक्षकको पेशागत क्षमता विकासका लागि तालिम प्रदान गर्दै आएको छ। विद्यालय स्तरमा पनि शिक्षकहरूलाई विषयगत शिक्षणमा आइपरेका समस्याहरू समाधान गर्न सेमिनार, गोष्ठि सञ्चालन गर्नु जरुरी हुन्छ। यसतर्फ सम्बन्धित विद्यालयले त्यति चासो लिएको देखिएन।

### ४.३.४ तालिमबाट प्राप्त ज्ञान, सीप कक्षाकोठामा प्रयोगको अवस्था

शिक्षकहरूले आफूले अध्यापन गर्ने विषयहरूमा प्राप्त गरेका अनुभव, ज्ञान र सीप कक्षाकोठामा प्रयोग गर्ने कुरालाई कम महत्व दिएको पाइयो। शिक्षणका क्रममा कक्षाकोठामा देखिएका समस्याहरूलाई हल गर्न कार्यमूलक अनुसन्धान गरी कार्यान्वयन गर्नु जरुरी हुन्छ। तर अधिकांश शिक्षकहरू सिकाइमा नयाँ विधिको प्रयोग गर्न उत्साहित देखिएन। विद्यालय प्रशासनले पनि यसको लागि आवश्यक भौतिक व्यवस्थापन र वातावरणको निर्माण गर्न नसकेको देखिन्छ। शिक्षकहरूको उदासीनताले विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नमा अवसर पुर्‍याइरहेको देखिएन यसका लागि आवश्यक प्रविधिसँग जोडिएका भौतिक सामग्रीहरू कम्प्युटर, इन्टरनेट आदिको खरिद गरी प्रयोगमा ल्याउनुपर्ने देखिन्छ।

### ४.३.५ शैक्षिक सामग्री निर्माण एवम् खरिदको अवस्था

अध्ययन क्षेत्रमा सम्बन्धित विद्यालयहरूको सर्वेक्षण गर्दा विषयगत शिक्षकहरूले आफूले अध्यापन गर्ने विषयको विषयवस्तु अनुसारको शैक्षिक सामग्री निर्माण एवम् खरिदको अवस्था पनि निकै कमजोर नै देखिएको छ। सम्बन्धित विषयका शिक्षकहरूले शैक्षिक सामग्री निर्माण गर्न, दैनिक पाठयोजना निर्माण गर्न र कक्षामा प्रयोग गर्न त्यति ध्यान दिएको पाइएन। विद्यालय प्रशासनले पनि शैक्षिक सामग्री खरिद गर्ने, त्यसको उचित व्यवस्थापन गर्ने र प्रयोगको अवस्था अनुगमन गर्ने कुरामा चासो लिएको देखिँदैन। दैनिक रूपमा प्रयोग गरिने शैक्षिक सामग्री चक र कालोपाटीको सट्टामा सेतोपाटी र मार्कर प्रयोग गर्ने गरेको देखिए पनि त्यति गुणस्तरीय देखिएन। पाठ्यपुस्तकका अतिरिक्त विभिन्न सन्दर्भ सामग्रीहरू पनि विद्यालय प्रशासनले उपलब्ध गर्न नसकेको देखियो। शैक्षिक गुणस्तरमा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन सन्दर्भ सामग्रीलाई अझ जोड दिनु पर्ने देखिन्छ किनभने शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीको अध्ययनमा महत्वपूर्ण भूमिका खेल्ने कुरामा दुई मत छैन। त्यसका लागि विद्यालय प्रशासन र सम्बन्धित विषयका शिक्षकले क्रियाशीलता देखाउनुपर्छ र आवश्यक सामग्री खरिदको प्रयोग अनिवार्य रूपमा गर्नुपर्छ।

### ४.३.६ कक्षा शिक्षणको निरीक्षण र अनुगमनको अवस्था

विद्यालयहरूको शैक्षिक अवस्थाको स्थिति पत्ता लगाई आवश्यक सुधार गर्न विचार विमर्श र छलफलका लागि जिल्ला शिक्षा कार्यालय, स्रोतव्यक्ति, विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिले समय समयमा कक्षा अनुगमन तथा निरीक्षण गर्नु आवश्यक हुन्छ। अनुगमनका क्रममा देखिएका समस्या तथा त्रुटिहरूलाई सम्बन्धित शिक्षक समक्ष राखी सुधारका लागि पृष्ठपोषण प्रदान गर्नुपर्दछ। अनुगमन तथा निरीक्षण केवल औपचारिकतामा मात्र सीमित भएको पाइन्छ। निरीक्षणका क्रममा दिइएका निर्देशन तथा सुझावहरू सम्बन्धित विद्यालयहरूले चासो लिएर कार्यान्वयन नगरेको वा नरटेरेको स्थिति पनि देखिन्छ। अध्ययन क्षेत्रका ३ वटा सामुदायिक विद्यालयको हकमा शैक्षिक सत्र २०७०, २०७१, २०७२ र २०७३ मा एक एक पटक निरीक्षण भएको पाइयो। यसका अतिरिक्त प्रभावकारिताका लागि अभिभावकलाई विद्यालयमा निरन्तर उपस्थिति गराउन आर्थिक स्रोत न्युनतम मात्रामा भए पनि परिचालन गर्न सके निरीक्षणमा र अनुगमनमा आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

विद्यायलको प्रमुख आय स्रोत अन्तर्गत सरकारी अनुदानबाट बढीमा सरकारबाट आएको र अन्य स्रोतहरूबाट नगण्य रूपमा अर्थात् स्थानीय सरकार तथा अभिभावकको योगदान रहेको देखिन्छ। यसर्थ सामुदायिक विद्यालयहरू पूर्ण रूपमा सरकारी अनुदानमा निर्भर रहेको देखिन्छ।

विद्यालयको खर्च विश्लेषण गर्दा शैक्षिक वर्ष २०७०, २०७१, २०७२ र २०७३ मा शिक्षक कर्मचारी तलब भत्तामा बढी भएको देखिन्छ भने शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने खालको शीर्षक अन्तर्गत शैक्षिक सामग्री, पुस्तकालय, खेलकुद, छात्रवृत्तिमा खर्च गर्ने गरेको पाइन्छ। तलब भत्ताको खर्चको तुलनामा यस्ता शीर्षकमा नगण्य खर्च भएको देखिन्छ। अभिभावकले निःशुल्क शिक्षा हुँदा पनि ट्युसन, कोचिङ र शैक्षिक भ्रमण बापतको शुल्क खर्च गर्ने गरेको पाइन्छ।

शैक्षिक सत्र २०७०, २०७१, २०७२ र २०७३ सालमा एस.एल.सी. परीक्षाको नतिजालाई विश्लेषण गर्दा सबै विद्यालयको २०७२ र २०७३ सालको नतिजा बाहेक २०७० र २०७१ मा कम विद्यार्थीहरू उत्तीर्ण भएको पाइन्छ। यसरी विद्यालयमा प्राप्त आयस्रोत खर्चको अवस्था र शैक्षिक उपलब्धिबीच तुलना गर्दा खर्च अनुरूपको शैक्षिक उपलब्धि स्तर अत्यन्त न्यून देखिन्छ। माध्यमिक शिक्षाबाट उत्पादित जनशक्तिको रोजगारी पाउने अवसर न्यून रहेका अवस्था छ। माध्यमिक तहका शैक्षिक गुणस्तरमा सुधार नआउनुमा सरकारी अनुदानको ठूलो अंश शिक्षक तथा कर्मचारी तलब भत्तामा मात्र खर्च हुनु, शैक्षिक गुणस्तर वृद्धि गर्ने खालका कार्यक्रममा खास खर्च नगर्नु, विद्यालयको निजी स्रोतलाई प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु, राजनीतिक भागवण्डाका आधारमा विद्यालय व्यवस्थापन समिति गठन हुनु, राजनीतिक सोचले ग्रसित हुनु, शिक्षकहरूको इमानदारितापूर्वक आफ्नो कर्तव्य र पेशाप्रति लगनशीलता नदेखाउनु, विद्यालय र अभिभावकबीच घनिष्ठ सम्बन्ध नहुनु, अभिभावक वर्ग शिक्षाप्रतिको दायित्वबाट पन्छिनु, प्रशासनिक निकायले विद्यालयको

निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन नसक्नु नै माध्यमिक विद्यालयका शैक्षिक गुणस्तर ह्रास हुनुका मुख्य समस्याहरू हुन् ।

## ५.२ सुझाव

यस अध्ययनमा तथ्याङ्क विश्लेषणबाट तथ्यगत प्राप्ति र निष्कर्षहरू प्राप्त भएका छन् । अध्ययनका प्राप्ति र निष्कर्षहरूका आधारमा विभिन्न सुझावहरू प्रस्तावित गर्न सकिन्छ । यी सुझावहरूलाई नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति निर्माण तह

अध्ययनबाट देखिएका केही समस्याहरू समाधानका लागि केन्द्रीय तहबाट नीति निर्माण गरेर मात्र समाधान हुने भएकोले निम्नअनुसार सुझाव प्रस्तुत गरिएको छ : अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको प्रमुख आयस्रोतको रूपमा सरकारी अनुदान रहेको छ । यस अनुदान रकमको ठूलो अंश तलब भत्तामा खर्च हुने गरिदिएको र शैक्षिक गुणस्तर वृद्धि गर्ने खालका कार्यक्रमको लागि विद्यालय सुधार योजना अन्तर्गत प्रतिविद्यार्थी रकम दिने भए पनि यो रकम नगण्य मात्रामा देखिन्छ ।

निःशुल्क शिक्षा घोषणा गरेको अवस्थामा विद्यालयलाई कम्तीमा आधारभूत कार्यक्रमको लागि पर्याप्त पुग्ने खर्च राज्यबाट निकासा दिन आवश्यक छ ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयको स्वामित्वमा रहेको जग्गालाई उपयोग गर्ने नीतिगत व्यवस्था गरी आर्थिक स्रोतलाई वृद्धि गर्न सहयोग पुऱ्याउनुपर्ने देखिन्छ ।

जिल्ला शिक्षा कार्यालयले शिक्षकको दरबन्दी मिलान गरी रिक्त स्थानमा पुऱ्याउनुपर्ने आवश्यक देखिन्छ ।

माध्यमिक तह (९-१२) को अवधारणा अवलम्बन भइसकेको अवस्थामा राष्ट्रिय परीक्षा बोर्ड तथा पाठ्यक्रम विकास केन्द्रले परीक्षा प्रणालीलाई सुधार र परिमार्जन गर्नुका साथै पाठ्यक्रममा पनि परिमार्जन गर्नु जरुरी छ । माध्यमिक शिक्षामा प्राविधिक शिक्षाको

व्यवस्था गर्नुपर्दछ। राज्यले निम्न वर्गका विद्यार्थीहरूलाई विशेष सेवा सुविधाको व्यवस्था समेत गर्नु आवश्यक छ।

### ५.२.२ अभ्यास तह

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको दीगो आर्थिक स्रोत व्यवस्थापनका लागि स्थानीय सरकार, विभिन्न तहका गैर सरकारी संघसंस्थालाई शिक्षा क्षेत्रमा लगानी बढाउन उत्प्रेरित गर्न र पञ्चवर्षीय जिल्ला स्तरीय शैक्षिक योजना निर्माण गरी लागू गर्न आवश्यक देखिन्छ। जिल्ला शिक्षा कार्यालयबाट विभिन्न शीर्षकमा निकासा अनुदान रकम निर्धारित मापदण्ड अनुरूप खर्च नगर्ने विद्यालयलाई कडाइका साथ कारवाही गर्न आवश्यक देखिन्छ।

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूले अभिभावकबाट भौतिक सहयोग, शुल्क विभिन्न कक्षाको परीक्षा शुल्क, कोचिङ शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क र चारित्रिक प्रमाणपत्र शुल्क निर्धारण विद्यालयपिच्छे नै फरक भएकाले जिल्ला भर एउटा मापदण्डमा उठाउने व्यवस्था जिल्ला शिक्षा कार्यालय तथा स्रोत केन्द्रहरुले मिलाउनु पर्दछ।

सम्बन्धित निकायले माध्यमिक तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक वातावरणलाई स्वच्छ राख्नुपर्ने, अनुगमन निरीक्षण प्रक्रियालाई प्रभावकारी बनाई शैक्षिक क्रियाकलापमा पृष्ठपोषण दिनुपर्ने, एस.ई.ई. परीक्षालाई मर्यादित र अनुशासित रूपमा सञ्चालन गर्नुपर्ने, विद्यालय सञ्चालनका लागि न्यूनतम शर्त पूरा भएका विद्यालयलाई मात्र सिफारिस गर्नुपर्दछ।

विद्यालयले आर्थिक अवस्थालाई बलियो बनाउन गरिब, पिछडिएका जनजाति, महिला र अपाङ्ग विद्यार्थीहरू बाहेक सक्षम विद्यार्थीहरूबाट शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रममा खर्च गर्ने गरी सहयोग शुल्क लिने व्यवस्था मिलाउनु आवश्यक छ।

विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक खर्च व्यवस्थापनका लागि आम्दानी प्राप्त हुने अन्य स्रोतहरू जुटाउनु आवश्यक छ। शैक्षिक खर्चलाई भावी लगानीको रूपमा रूपान्तरण गर्न ट्युशन, कोचिङ, सन्दर्भसामग्री, शैक्षिक सामग्री जस्ता शीर्षकमा खर्च गर्न अभिभावकहरूलाई उत्प्रेरित गर्नुपर्दछ।

विद्यालयले शैक्षिक गुणस्तर सुधार शीर्षकमा बढी लगानी गर्नु आवश्यक छ । सरकारी अनुदानबाट प्राप्त छात्रवृत्ति रकमलाई नगद वितरण गर्दा शैक्षिक क्षेत्रमा खर्च नहुने देखिएकाले विद्यार्थीलाई आवश्यक पर्ने पोशाक, सन्दर्भ सामग्री, शैक्षिक सामग्रीहरू खरिद गरी पारदर्शी ढङ्गले वितरण गर्दा प्रभावकारी हुन्छ ।

माध्यमिक विद्यालयसँग सम्बन्धित सरोकारवालाले विद्यालयको दीर्घकालीन आर्थिक स्रोतहरूको व्यवस्था र प्रभावकारी परिचालन गरी शिक्षालाई लगानीका रूपमा लिन सबैलाई अभिप्रेरित गर्नुपर्दछ ।

माध्यमिक शिक्षाको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न शिक्षकले शिक्षण क्रियाकलापमा सुधार गर्नुपर्ने, तालिमबाट प्राप्त ज्ञान सीपलाई कक्षाकोठाको सिकाइमा प्रयोग गरिनुपर्ने, परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रियामा सुधार गर्नुपर्ने, विद्यार्थीहरूलाई अनुशासित बनाउन र नियमित रूपमा उपस्थित गराउन अभिभावकलाई विशेष कार्यक्रम मार्फत् विद्यालयप्रति उत्तरदायी बनाउनु पर्दछ। विद्यालयको हर क्रियाकलापमा अभिभावकको सहभागिता बढाउन र विद्यालय अभिभावक सम्बन्ध घनिष्ट बनाउन पनि उत्तिकै आवश्यक छ ।

### ५.२.३ अनुसन्धान तह

प्रस्तुत अध्ययनले झापा जिल्लाका तीनवटा विद्यालयहरूको अवस्था बारेमा खोज अनुसन्धान गरी निकालेको निष्कर्ष मुलुकभर सामान्यीकरण गर्न सम्भव नहुने भएकाले सामुदायिक विद्यालयहरूमा भएको आर्थिक लगानीको प्रभावकारिताको बारेमा निम्नलिखित शीर्षकहरूमा थप अध्ययन अनुसन्धानको लागि सिफारिस गरिएको छ :

सामुदायिक विद्यालयको वित्तीय अवस्था, सामुदायिक विद्यालयमा वित्तीय अनुदानको उपयोग र प्रभावकारिता, सामुदायिक विद्यालयमा अभिभावकको लगानीको अवस्था, सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन र शैक्षिक गुणस्तर, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उन्नयनका प्रयासहरू, सामुदायिक र नीजि विद्यालयको लगानी र खर्चको तुलनात्मक अध्ययन, नीजि विद्यालयको गुणस्तर सुधारमा लगानीको भूमिका जस्ता शीर्षकहरूमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ ।

# सन्दर्भसूची


Bista, M.B. (2000) *Steps toward Improving the Quality of Secondary Education in Nepal*. Kathmandu:SEP.

कार्की, डिल्लीराम (२००२), *फाइनासिङ्ग इन सेकेन्डरी एजुकेशन एण्ड इट्स इकोनमिक इम्प्याक्ट,* (अप्रकाशित शोधपत्र), काठमाडौंः त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

कोइराला, विद्यानाथ (२०६२) *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०६४) *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौंः क्युष्ट पब्लिकेशन ।

कोइराला, विद्यानाथ (२०६८) *शिक्षाको वित्तशास्त्र,* काठमाडौंः सनलाइट पब्लिकेशन (स्टुडेन्ट्स् बुक्स) ।

कोइराला, विद्यानाथ, चन्द्रबहादुर श्रेष्ठ (२०६२) *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

खनाल, हरिबोल (२०६५) *शिक्षा,* शैक्षिक पत्रिका, भक्तपुरः नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

जिल्ला शिक्षा कार्यालय, झापा (२०६६), *जिल्ला शिक्षा योजना २०६६-७०),* झापाः लेखक ।

जिल्ला शिक्षा कार्यालय, झापा (२०७०) *वार्षिक कार्यक्रम सम्बन्धी सरोकारवालाको अभिमुखीकरण तथा झापा जिल्लाका प्रधानाध्यापकको २ दिने भेला प्रतिवेदन,* झापाः लेखक ।

नेपाल सरकार (२०५८), *शिक्षा ऐन २०२८* (आठौं संशोधन सहित), काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

मेटकन कन्सल्टेन्स (१९९६), *माइक्रो स्टडी अफ स्कुल फाइनान्स* (एम.एड. अप्रकाशित शोधपत्र), काठमाडौंः महेन्द्ररत्न क्याम्पस ताहाचल ।

राष्ट्रिय योजना आयोग (२०६६), *तीन वर्षीय अन्तरिम योजना,* काठमाडौंः लेखक ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौंः मकालु बुक्स एण्ड पब्लिसर्स ।

शर्मा, टीकाराम (२०६४), *सामुदायिक व्यवस्थापनमा सञ्चालन भएका विद्यालयको व्यवस्थापकीय प्रभाव एक अध्ययन,* (एम.एड. अप्रकाशित शोधपत्र), काठमाडौंः महेन्द्ररत्न क्याम्पस ताहाचल ।

शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धतिको योजना,* काठमाडौंः लेखक ।

*शिक्षा ऐन, २०२८ तथा नियमावली,* २०५९ काठमाडौंः सहिष्णु प्रकाशन ।

## अनुसूची एक

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी

## विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि प्रश्नावली

अध्यक्षको नामः शैक्षिक योग्यताः

अनुभव वर्षः

विद्यालयको नामः.........................

१. विद्यालयको विकासका लागि के कति समय दिँदै आउनु भएको छ ?
क) महिनामा १ पटक ख) महिनामा २ पटक ग) १५ दिनमा १ पटक घ) अन्य

२. तपाईको विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र विद्यालय समुदाय सम्बन्ध पक्ष कस्तो छ ?
क) ठीकै ख) राम्रो ग) नराम्रो घ) अति राम्रो

३. तपाईको विचारमा कुन पक्षमा बढी समस्याहरू रहेका छन् ?
क) आर्थिक ख) शैक्षिक ग) भौतिक घ) अन्य

४. के तपाईले शिक्षकहरूको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ?
क) छ ख) छैन ग) कहिलेकाहीँ घ) प्रायजसो

५. यदि गर्नु भएको भए शिक्षकको तालिमको अवस्था कस्तो छ ?
क) ठीकै ख) राम्रो ग) नराम्रो घ) अति राम्रो

६. तपाई विद्यालय व्यवस्थापन समितिको बैठकमा कस्ता प्रकारका निर्णयहरू गराउनु हुन्छ ?
क) शैक्षिक सुधार ख) आर्थिक सुधार ग) भौतिक सुधार घ) अन्य

७. तपाईको अवलोकनमा शिक्षकले शिक्षणमा सिकेका ज्ञान, सीप र अनुभवलाई कतिको प्रयोग गरेको पाउनु हुन्छ ?
क) छ ख) छैन ग) अलिअलि घ) अन्य

८. सामुदायिक विद्यालयमा आर्थिक लगानीको शैक्षिक प्रभावमा देखापरेका समस्या समाधानका उपायहरू के के हुन सक्लान ?
...........................................................................................................

९. विद्यार्थीको सिकाइ उपलब्धि उच्च बनाउन के के प्रयास गर्नु पर्ला ?
...........................................................................................................
.

# अनुसूची दुई

# सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी

## विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीहरूका नामः.................... ठेगाना....................

विद्यालयको नामः.................. अध्ययनरत कक्षा..........

१. तपाईको विद्यालयले तलका मध्ये कुन कुन शीर्षकमा कति शुल्क लिने गरेको छ ?

क) भर्ना शुल्क ख) मासिक शुल्क

ग) परीक्षा शुल्क घ) अन्य शुल्क

२. तपाईले विद्यालयबाट कुनै सहुलियत (सेवा सुविधा) प्राप्त गर्नुभएको छ ? यदि प्राप्त गर्नुभएको छ भने कुन शीर्षकमा प्राप्त गर्नुभएको छ ?

-------------------------------------------------------

३. तपाईले विद्यालयबाट प्रदान गरिएको छात्रवृत्तिको रकम समयमै प्राप्त गर्नुभएको छ ? यदि प्राप्त गनुभएको छ भने कति प्राप्त गर्नुभएको छ ?

-------------------------------------------------------

४. के तपाईंले समयमै पाठ्यपुस्तक प्राप्त गर्नुभएको छ ?

क) छ ख) छैन ग) समयमै प्राप्त घ) ढिलो गरी प्राप्त

५. के तपाईंलाई अभिभावकले शैक्षिक सामग्रीका लागि रकम दिनुहुन्छ ? दिनुहुन्छ भने कति दिनुहुन्छ ?

-------------------------------------------------------

६. तपाईंलाई अभिभावकले आवश्यक परेजति खर्च दिन सक्छन् कि सक्दैनन् ?

-------------------------------------------------------

७. तपाईं कुनै कक्षामा असफल हुनुभएको छ ? यदि असफल भएको भए कारण के थियो होला ?

-------------------------------------------------------

८. गत परीक्षामा तपाईंले प्राप्त गर्नुभएको परीक्षाको नतिजा कस्तो थियो ?

-------------------------------------------------------

९. तपाईंको विद्यालयमा के कस्ता भौतिक सेवासुविधाहरू उपलब्ध छन् ?

-------------------------------------------------------

१०. के तपाईंको विद्यालयमा अतिरिक्त कक्षाका रूपमा कोचिङ कक्षा सञ्चालन भएको छ ?

-------------------------------------------------------

११. तपाईंको विद्यालयमा पढाइका अतिरिक्त क्रियाकलापहरू हुने गर्छन् ?

क) हुन्छ ख) हुँदैन ग) कहिलेकाहीँ घ) अन्य

१२. तपाईंको विचारमा गुणस्तरीय शिक्षाका लागि सरकार र अभिभावक कसको जिम्मेवारी होला ?

-------------------------------------------------------

१३. तपाईंको विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्न के कस्ता योजनाहरू अगाडि सारेको छ ?

-------------------------------------------------------

## अनुसूची तीन

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी

## शिक्षकका लागि प्रश्नावली

(बन्द तथा खुल्ला प्रश्नावली)

शिक्षकको नामः............... ठेगानाः............

विद्यालयको नामः................. तहः................

१. तपाईंले विद्यालयमा अध्यापन गर्ने विषय कुन हो ?

-----------------------------------------------------

२.तपाईंले शिक्षण गर्दा पाठ्पुस्तक बाहेक अन्य कुनै सन्दर्भ सामग्री प्रयोग गर्नुहुन्छ ?

-----------------------------------------------------

३. तपाईंको विषयमा विगत वर्षहरूमा विद्यार्थीको शैक्षिक उपलब्धि के कस्तो पाउनुभएको छ ?

-----------------------------------------------------

४. के तपाईंले आफ्नो विषयका लागि अतिरिक्त कक्षा पनि सञ्चालन गर्नुभएको छ ?

-----------------------------------------------------

५. गत वर्षको एस्.एल्.सी. परीक्षामा तपाईंको विषयम कति प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भए ?

-----------------------------------------------------

६. तपाईंका विषयमा विद्यार्थीहरूको उत्तीर्णदर वृद्धि गर्न के कस्ता योजनाहरू र कार्यक्रमहरू बनाउनुभएको छ ?

-----------------------------------------------------

७. तपाईंको विषयमा पर्याप्त मात्रामा विषयगत शैक्षिक सामग्रीहरू उपलब्ध छन् ?

-------------------------------------------------------

८. तपाईंले विद्यार्थीहरूको उपलब्धि स्तरबारे अभिभावकहरूको चासो कतिको पाउनुभएको होला ?

-------------------------------------------------------

९. तपाईंको विचारमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर गिर्दै जानुका कारणहरू केके होलान् ?

-------------------------------------------------------

१०. शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले अभिभावक भेला बोलाउने गर्नुभएको छ ? यदि छ भने यसको प्रभाव कस्तो पाउनुभएको छ ?

-------------------------------------------------------

११. तपाईंलाई आफ्नो विषयका अध्यापनमा आइपरेका समस्याहरू समाधान गर्न व्यवस्थापकीय पक्ष र प्रशासनिक पक्षबाट सहयोग हुने गरेको छ कि छैन ? छ भने के सहयोग प्राप्त भएको छ ?

-------------------------------------------------------

१२. के तपाईं पूर्व योजना सहित (पाठयोजना) कक्षाकोठामा जानुहुन्छ ?

-------------------------------------------------------

१३. सामुदायिक माध्यमिक विद्यालयमा वित्तीय लगानीको प्रभावकारी बनाउन कसको हात रहन्छ ?

-------------------------------------------------------

१४. सामुदायिक माध्यमिक विद्यालयमा वित्तीय लगानी कार्यान्वयन गर्न के गर्नुपर्ला ?

-------------------------------------------------------

१५. विद्यार्थीको कक्षाकार्य/गृहकार्य नियमित जाँची अभिलेख राख्नुहुन्छ ?

(क) राख्छु (ख) राख्दिन (ग) कहिलेकाँही मात्र घ) अन्य

१६. औपचारिक त्रैमासिक र वार्षिक परीक्षाबाहेक नियमित रूपमा अरू परीक्षा लिनुहुन्छ ?

(क) लिन्छु (ख) लिन्न (ग) सम्भव छैन घ) कहिलेकाहीँ

१७. विद्यार्थीको आचरण तथा व्यवहार परिवर्तनको मापन गर्न कुन साधन प्रयोग गर्नुहुन्छ ?

(क) लिखित परीक्षा (ख) मौखिक परीक्षा (ग) दुवै खाले परीक्षा (घ) रुजु सूची

१८. विद्यार्थीलाई परियोजना कार्य दिने गर्नुभएको छ ?

(क) दिने गरेको छु (ख) दिने गरेको छुइनँ

(ग) कहिलेकाँही तर कम (घ) सम्भव छैन

१९. पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षण सहयोग सामाग्री आदि सामग्रीहरू कहिले प्राप्त हुन्छन् ?

(क) शैक्षिक सत्रको शुरुमा नै (ख) १ महिना पछि

(ग) २ महिना पछि (घ) ३ महिना वा सो भन्दा बढी समय पछि

२०. विद्यार्थी मूल्याङ्कन सम्बन्धमा समुदायको सहभागिता र चासो कतिको छ ?

क) उच्च ख) सामान्य ग) न्यून घ) चासो नै छैन

२१. तपाईको प्राथमिक कक्षा (१-३ सम्म) प्रत्येक कक्षामा कति विद्यार्थी राख्नुहुन्छ ?

(क) ८० वा बढी (ख) ६० देखि ८० सम्म

(ग) ५० देखि ६० सम्म (घ) ३० देखि ४० (ङ) ३० वा कम

२२. विद्यार्थीहरू शिक्षण सिकाइ क्रियाकलापमा कतिको सहभागी हुन्छन् ?

(क) केही हुन्छन् (ख) सबैजसो सहभागी हुन्छन्

(ग) प्रतिक्रिया देखाउँदैनन् (ग) वास्ता नै गरिँदैन

२३. तपाईंलाई विद्यालयले कुनै शीर्षकमा शुल्क लिने गरेको छ कि छैन ?

(क) छ (ख) छैन (ग) थाहा छैन घ) अन्य

२४. कक्षा शिक्षणको क्रममा विद्यार्थीको कार्य सञ्चयिका फाराम भर्ने गर्नु भएको छ ?

(क) दैनिक रूपमा (ख) कहिलेकाहीँ मात्र

(ग) भर्न जान्दिन (घ) सम्भव छैन ।

२५. कार्य सञ्चयिका कहाँ राख्ने गरिएको छ ?

(क) अफिस दराजमा (ख) कक्षा कोठामा झुण्ड्याएर

(ग) कक्षा कोठाका दराज/बाकसमा घ) अन्य

२६. तपाईको विद्यालयमा विद्यार्थीको मूल्याङ्कन कसरी गर्नु भएको छ ?

(क) बेलाबेला लिखित परीक्षा लिएर (ख) नियमित रूपमा लिखित परीक्षा लिएर

(ग) मौखिक परीक्षा लिएर (घ) कार्य सञ्चयिकाको आधारमा

२७. विद्यालयमा पढाइ हुने पाठ्यपुस्तक तिमी किन्छौ वा विद्यालयले उपलब्ध गराउँछ ?

(क) किन्छु (ख) किन्दिन (ग) विद्यालयले उपलब्ध गराउँछ घ) अन्य

# अनुसूची चार

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी

### अन्तर्वार्ता फाराम



### अन्तर्वार्ता फाराम



*मितिः*

विद्यालयको नाम :-------------------------------------------

कक्षा :--------------------------------------------

सङ्केत :-    न-नभएको    के-केही मात्रामा भएको    रा-राम्रो

| क.सं. | अवलोकन पक्षहरू | न | के | रा |
|---|---|---|---|---|
| १. | बस्नका लागि चक्ला र कार्पेटको व्यवस्था | | | |
| २. | कक्षाकोठामा सरसफाई र सजावट | | | |
| ३. | प्रदर्शित सामग्री विद्यार्थीले देख्न सक्ने गरी राखिएको | | | |
| ४. | छात्रवृत्ति उपलब्धता | | | |
| ५. | आवश्यक शैक्षिक सामग्रीको उपलब्धता | | | |
| ६. | सिकाई उपलब्धी सूचकको प्रदर्शन | | | |
| ७. | विद्यार्थीको नमूना कार्य संकलन | | | |

# अनुसूची पाँच

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी

## अवलोकन फाराम

*मिति:*

विद्यालयको नाम :-------------------------------------------

कक्षा :--------------------------------------------

सङ्केत :- न-नभएको के-केहीमात्रामा भएको रा- राम्रो

| क.सं. | अवलोकन पक्षहरू | न | के | रा |
|---|---|---|---|---|
| १. | बस्नका लागि चक्ला र कार्पेटको व्यवस्था | | | |
| २. | कक्षाकोठामा सरसफाई र सजावट | | | |
| ३. | प्रदर्शित सामग्री विद्यार्थीले देख्न सक्ने गरी राखिएको | | | |
| ४. | छात्रवृत्ति उपलब्धता | | | |
| ५. | आवश्यक शैक्षिक सामग्रीको उपलब्धता | | | |
| ६. | सिकाई उपलब्धी सूचकको प्रदर्शन | | | |
| ७. | विद्यार्थीको नमूना कार्य सङ्कलन | | | |

# अनुसूची छ

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा आर्थिक लगानी

## छलफल निर्देशिका

१. विद्यालयमा आर्थिक लगानीको परिचय

२. विद्यालयमा आर्थिक लगानीको स्रोत

३. विद्यालयमा आर्थिक लगानीको क्षेत्र

४. विद्यालयमा आर्थिक लगानीको वर्तमान अवस्था

५. विद्यालयमा आर्थिक लगानीको समस्याहरू

६. विद्यालयमा आर्थिक लगानीको समस्याहरू समाधानका उपायहरू

७. विद्यालयमा आर्थिक लगानीको प्रभावकारिताका लागि विभिन्न पक्षको भूमिका